आर्थिक वर्ष २०७८/७९ मा मन्त्रालय र अन्तर्गतका निकायहरूबाट कार्यसम्पादन गरिएका कार्य प्रगतिहरू समावेश गरिएको



# वार्षिक प्रगति पुस्तिका २०७९

नेपाल सरकार

**संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय**

**सिंहदरबार, काठमाडौं**

# विषय-सूची


१. पृष्ठभूमि ........ १

संस्कृति क्षेत्र

२. पुरातत्त्व विभाग ........ ६
३. राष्ट्रिय अभिलेखालय ........ ७
४. नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय ........ ८
५. पशुपति क्षेत्र विकास कोष ........ ९
६. लुम्बिनी विकास कोष ........ ९
७. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद् ........ १०
८. भाषा आयोग ........ १०
९. नेपाल प्रज्ञा प्रतिष्ठान ........ ११
१०. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान ........ १४
११. नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान ........ १६
१२. सांस्कृतिक संस्थान ........ २१
१३. बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति ........ २२
१४. पाथिभरा क्षेत्र विकास समिति ........ २४
१५. बृहत्तर बराह क्षेत्र विकास समिति ........ २५
१६. हलेसी महादेवस्थान विकास समिति ........ २५
१७. तारागाउँ विकास समिति ........ २६
१८. बौद्धनाथ क्षेत्र विकास समिति ........ २६
१९. मनकामना क्षेत्र विकास समिति ........ २६
२०. देवघाट क्षेत्र विकास समिति ........ २७
२१. नेपाल पञ्चाङ्ग निर्णायक समिति ........ २७
२२. नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति ........ २८

पर्यटन क्षेत्र

२३. पर्यटन विभाग ........ २९
२४. नेपाल पर्यटन बोर्ड ........ ३०
२५. नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान ........ ३६
२६. नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान ........ ३७

नागरिक उड्डयन क्षेत्र

२७. नेपाल नागरिक उड्डयन प्राधिकरण ........ ३८
२८. गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल ........ ४२
२९. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल ........ ४३
३०. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल ........ ४३
३१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल ........ ४३
३२. नेपाल वायुसेवा निगम ........ ४४

# १. पृष्ठभूमि

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक राष्ट्रका रूपमा विश्वमै सुपरिचित छ। हाम्रा समृद्ध मूर्त तथा अमूर्त सम्पदाहरू राष्ट्रिय एकता सबलीकरण गर्ने माध्यमका रूपमा रहेका छन्। परम्परागत संस्कृतिको जगेर्ना गरी भाषा र संस्कृतिको मौलिकतालाई अक्षुण्ण राख्दै ऐतिहासिक, पुरातात्त्विक तथा सांस्कृतिक सम्पदाहरूको संरक्षण, संवर्द्धन र विकास गर्नु हाम्रो दायित्व रहेको छ।

असल सांस्कृतिक अभ्यास, सहिष्णुता र सहअस्तित्व मार्फत सामाजिक सद्भाव सुदृढ गर्न आवश्यक छ। "विविधतामा एकता, नेपाली समाजको विशेषता" भन्ने तथ्यलाई आत्मसात् गरी राष्ट्रिय एकता र अखण्डतालाई मजबुत बनाउनका लागि संस्कृतिको अहम् भूमिका रहेको हुन्छ। सामाजिक, सांस्कृतिक तथा धार्मिक संस्कार र चालचलन र परम्पराहरूलाई संरक्षण र निन्तरता दिदै आएका छौं। यस अन्तर्गत कला र साहित्यको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुयाउने श्रष्टाहरूलाई सम्मान गर्ने कार्यक्रमहरू सञ्चालन गरिएका छन्।

पर्यटन क्षेत्र नेपालको अर्थतन्त्रको विकासका लागि उच्च सम्भावना बोकेको क्षेत्र हो। अद्वितीय प्राकृतिक एवम् सांस्कृतिक सम्पदा र विविधताको कारण यस क्षेत्रमा तुलनात्मक लाभ रहेको छ। खासगरी, हिमाली प्राकृतिक सुन्दरता, महत्त्वपूर्ण धार्मिक तीर्थस्थल, मौलिक सांस्कृतिक तथा पुरातात्त्विक सम्पदाहरू नेपालको पर्यटनको प्रमुख गन्तव्यका क्षेत्रहरू हुन्। यी स्थल र सम्पदाको संरक्षण, प्रवर्द्धन र विविधीकरण गर्दै पर्यटकीय स्थलका रूपमा विकास गरी राष्ट्रिय अर्थतन्त्रको प्रमुख आधारको रूपमा यस क्षेत्रलाई विकसित गर्ने नीति नेपालको संविधानले अङ्गीकार गरेको छ। पर्यटन प्रवर्द्धनको माध्यमबाट रोजगारीका अवसर वृद्धि, गरिबी निवारण र जनताको जीवनस्तरमा सुधार ल्याई आर्थिक समृद्धिको लक्ष्य हासिल गर्न यस क्षेत्रको महत्त्वपूर्ण योगदान रहने भएकाले पर्यटन अर्थतन्त्रको प्रमुख संवाहक पनि हो।

अन्तर्राष्ट्रिय तथा क्षेत्रीय यातायात आबद्धताका लागि द्रूत र भरपर्दो साधनका रूपमा हवाई यातायातलाई लिइन्छ। नेपालको विशिष्ट भू-राजनीतिक अवस्थितिका कारण विश्व बजारमा प्रत्यक्ष पहुँच कायम गर्न हवाई सेवाको महत्त्वपूर्ण भूमिका रहेको छ। भौगोलिक विविधताले आन्तरिक हवाई सेवा अझ अपरिहार्य तुल्याएको अवस्था छ। सुरक्षित, विश्वसनीय र सर्वसुलभ नागरिक उड्डयन सेवाको लागि आधुनिक प्रविधियुक्त पूर्वाधार, राष्ट्रिय ध्वजाबाहक नेपाल वायुसेवा निगमको चुस्त व्यवस्थापन र यस क्षेत्रको प्रभावकारी नियमन अनिवार्य पक्ष हुन्।

यस मन्त्रालयद्वारा आर्थिक वर्ष २०७८/७९ मा सम्पन्न गरिएका मुख्य क्रियाकलापहरू तथा तथ्याङ्कको तुलनात्मक अध्ययन संस्कृति, पर्यटन र नागरिक उड्डयन क्षेत्रगत रूपमा यस पुस्तिकामा प्रस्तुत गरिएको छ।

**मन्त्रालयको बजेट र खर्चको स्थिति**

आर्थिक वर्ष २०७८/७९ मा यस संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको लागि वार्षिक विनियोजन रू २६ अर्व २५ करोड ६८ लाख भएकोमा रू १३ अर्व ९९ करोड ९३ लाख खर्च भएको छ, जसमध्ये चालुतर्फ ३ अर्व ३ करोड ६० लाख (९०.८९%), पूँजीगततर्फ १ अर्व ४९ करोड ५ लाख (६६.३१%) र वित्तीय अनुदानतर्फ ९ अर्व ४७ करोड २७ लाख (४५.८३%) रकम खर्च भएको छ। यस अवधिमा राष्ट्रिय गौरवको गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालनमा आएको छ भने समग्र खर्च प्रतिशत ५३.३१% रहेको छ।

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन क्षेत्र अन्तर्गत आर्थिक वर्ष २०७८/०७९ मा भएका कार्य प्रगतिलाई समष्टिगत सारांश देहायको तालिकामा उल्लेख गरिएको छ :

| सि.नं. | कार्यक्रम तथा आयोजना | २०७६/७७ को प्रगति | २०७७/७८ सम्मको अवस्था | २०७८/७९ को सम्मको प्रगति |
|---|---|---|---|---|
| १. | प्रति पर्यटक प्रतिदिन खर्च (डलर) | ४८ | ६५ | ४८ (सन् २०२१) |
| २. | प्रति पर्यटक औसत बसाई (दिन) | १२.७ | १५.१ | १५.५ (सन् २०२१) |
| ३. | त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल विस्तार तथा स्तरोन्नति (प्रतिशत) | ९८ | यस आर्थिक वर्षको ९९ | ९९ |
| ४. | गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल (प्रतिशत) | ९१ | ९७.३३ | १०० |
| ५. | पोखरा अन्तर्राष्ट्रिय विमानस्थल (प्रतिशत) | ६१ | ८१ | ९८ |
| ६ | सम्पदा पुनःनिर्माण (संख्या) | ४५३ | ५८९ | ६७३ |
| ७. | पर्यटक आगमन (जना) | ११,९७,१९१ (सन् २०१९) | २,३०,०८५ (सन् २०२०) | १,५०,९६२ (सन् २०२१) |
| ८. | सञ्चालनमा रहेका विमानस्थल (वटा) | ३२ | ३५ | ३२ |
| ९. | वर्षैभरि सञ्चालन योग्य विमानस्थल (वटा) | ३२ | ३७ | ३७ |
| १०. | रात्रीकालीन उडान सञ्चालनमा आएका विमानस्थल (वटा) | ७ | ८ | ८ |
| ११. | नेपाल आउने अन्तर्राष्ट्रिय विमान सेवा (वटा) | २८ | २७ | २२ (सन् २०२१) |
| १२. | पर्यटकस्तरका होटल (संख्या) | १२५४ | १३१३ | २७५ |
| १३. | निर्मित नयाँ पदमार्गको लम्बाई (GHT समेत) (कि.मी.) | २५५ | २२८ | २०० |

## संस्कृति क्षेत्र

- प्रतिलिपि अधिकार ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रिय सभामा पेश गरिएको।
- अभिलेख संरक्षण ऐन, २०४६ लाई संशोधन गर्न बनेको विधेयक राष्ट्रिय सभामा पेश गरिएको।
- सामाजिक विविधताको संरक्षण र प्रवर्द्धन गर्न नयाँ राष्ट्रिय संस्कृति संरक्षण तथा प्रवर्द्धन नीतिको मस्यौदा तयार गर्ने कार्य अन्तर्गत संस्कृति प्रवर्द्धन नीतिको मस्यौदा तयार भई सरोकारवाला निकायहरूबाट राय/सुझाव संकलन पश्चात परिमार्जनको प्रक्रियामा रहेको।
- प्राचीन स्मारक संरक्षण ऐन, २०१४ को छैठौं संशोधनका लागि विधेयक समितिमा छलफलका लागि पेश गर्ने मन्त्रिपरिषद्बाट स्वीकृत भएको।
- किराँत यायोख्खा ललितपुरलाई किराँत राईको परम्परागत नृत्यको वृत्तचित्र निर्माणका लागि आर्थिक सहयोग उपलव्ध गराइएको।

- अमूर्त संस्कृति नामक जर्नलको छैठौं अङ्क प्रकाशन गरिएको।
- लिम्बु जातिको च्याब्रुङ नाचको प्रोफाइल तयार पारिएको।
- श्रीलंकाको क्याण्डी संग्रहालयमा रहेको नेपाली कक्षमा थप सामग्री प्रदर्शनमा लगिएको।
- तिथिमिति सहितको नेपाल पञ्चाङ्ग सरकारी पात्रो प्रकाशन गरिएको।
- २०७८ सालमा पुरस्कृत हुनुहुने श्रष्टाहरूको वैयक्तिक विवरण सहितको पुरस्कार सम्बन्धी पुस्तिका प्रकाशन गरिएको।
- राजनीति, कला र साहित्य क्षेत्रमा विशिष्ट योगदान पुऱ्याउनु हुने पुरस्कृत महानुभावहरूको नामावली निम्नानुसार छन्:-

**पुष्पलाल राष्ट्रिय पुरस्कार, २०७७**

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कृत स्रष्टा वा संस्थाको नाम/ठेगाना |
|---|---|---|
| १. | राजनीतिक/सैद्धान्तिक | श्री मोहनचन्द्र अधिकारी |
| २. | इतिहास | प्रा. कृष्णप्रसाद पोखरेल |
| ३. | साहित्य, संस्कृति, विज्ञान | श्री पवित्रा घर्ती |

**पुष्पलाल राष्ट्रिय पुरस्कार, २०७८**

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कृत स्रष्टा वा संस्थाको नाम/ठेगाना |
|---|---|---|
| १. | राजनीतिक/सैद्धान्तिक | श्री घनेन्द्र बस्नेत |
| २. | इतिहास | डा. ढाकाराम सापकोटा |
| ३. | साहित्य, संस्कृति, विज्ञान | श्री जगन्नाथ आचार्य |



**सम्माननीय राष्ट्रपति श्रीमति विद्यादेवी भण्डारी, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठज्यूको साथमा पुरस्कृत महानुभावहरू**

**वि.पी. कोइराला राष्ट्रिय पुरस्कार, २०७८**

क) राजनीतिक दर्शन विधातर्फ २ जनालाई संयुक्त रूपमा प्रदान गरिएको।

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | राजनीतिक दर्शन | श्री वि.पी. सङ्ग्रहालय | सुन्दरीजल |
| २. | राजनीतिक दर्शन | श्री पुरूषोत्तम बस्नेत | सिफल हाइट, काठमाडौं |

ख) साहित्यिक विधातर्फ : २ जनालाई संयुक्त रूपमा प्रदान गरिएको।

| क्र.सं. | पुरस्कारको विधा | पुरस्कार पाउने व्यक्ति वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | साहित्यिक | डा. विष्णुविभु घिमिरे | भिमसेनगोला काठमाडौं |
| २. | साहित्यिक | डा. ध्रुवचन्द्र गौतम | महाराजगञ्ज, काठमाडौं |

**(१) भाषा एवम् साहित्य विधातर्फका राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार**

राष्ट्रिय प्रतिभा पुरस्कार : श्री सोमराज "अभय" (कट्टेल) खाँदवारी न.पा. १२, सङ्खुवासभा

| क्र.सं. | प्रदेश | स्रष्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | १ नं. प्रदेश | डा. यज्ञेश्वर निरौला | छिन्ताङ, धनकुटा २ |
| २. | मधेस प्रदेश | श्री अयोध्यानाथ चौधरी | जनकपुर |
| ३. | बागमती प्रदेश | डा. हरिप्रसाद सिलवाल | नलाङ ६, धादिङ्ग |
| ४. | गण्डकी प्रदेश | डा. बालकृष्ण अधिकारी | कुष्मा न.पा. ९, पर्वत |
| ५. | लुम्बिनी प्रदेश | श्री विष्णु बहादुर सिह | जुकेना ६ कल्लेरी, अर्घाखाँची |
| ६. | कर्णाली प्रदेश | श्री बखत बहादुर थापा | दैलेख |
| ७. | सुदुरपश्चिम प्रदेश | श्री गणेशराज जोशी | महाकाली न.पा. ८, दार्चुला |

**(२) संस्कृति विधातर्फका राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार**

राष्ट्रिय प्रतिभा पुरस्कार : डा. रमेश कुमार ढुङ्गेल।

| क्र.सं. | प्रदेश | स्रष्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | १ नं. प्रदेश | डा. लाल श्याँकारेलु रापचा | कटुञ्जे, ओखलढुङ्गा |
| २. | मधेस प्रदेश | श्री विजय किशोर पाण्डे | बारा |
| ३. | बागमती प्रदेश | डा. जुनुमैया वासुकला | काठमाडौं |
| ४. | गण्डकी प्रदेश | श्री लालबहादुर भुजेल | सुन्दरबजार-४, लमजुङ |
| ५. | लुम्विनी प्रदेश | डा. राजकुमार सुवेदी | तुलसीपुर-१३, दाङ |
| ६. | कर्णाली प्रदेश | श्री नारायण तिमिल्सिना | भैरवी गा.पा.,दैलेख |
| ७. | सुदुरपश्चिम प्रदेश | डा. त्रैलोक्यनाथ जोशी | पूर्वचौकी गा.पा. डोटी |

**(३) ललितकला विधातर्फका राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार**

राष्ट्रिय प्रतिभा पुरस्कार : श्री हेम पौड्याल, बुढानीलकण्ठ न.पा. १०, काठमाडौं।

| क्र.सं. | प्रदेश | स्रष्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | १ नं. प्रदेश | श्री छितेन शेर्पा | काँकडभिट्टा मेचीनगर- १०, झापा |
| २. | मधेस प्रदेश | श्री पुनमकुमारी देवी (दास) | पिपरा-१, महोत्तरी |
| ३. | बागमती प्रदेश | श्री जीवन राजोपाध्याय | डल्लु- १५ काठमाडौ |
| ४. | गण्डकी प्रदेश | श्री तिलप्रसाद पुन | पोखरा म.न.पा. ११ |
| ५. | लुम्विनी प्रदेश | श्री खेम बहादुर वि.क. | बुटवल, रूपन्देही |
| ६. | कर्णाली प्रदेश | श्री कोशलकुमार हमाल | श्रीनगर- ५, मुगु |
| ७. | सुदुरपश्चिम प्रदेश | श्री महेन्द्र पुन मगर | आलिताल- १४, डढेल्धुरा |

### (४) सङ्गीत तथा नाट्य विधातर्फका राष्ट्रिय तथा प्रादेशिक प्रतिभा पुरस्कार

राष्ट्रिय प्रतिभा पुरस्कार : श्री हरिवंश आचार्य, काठमाडौं।

| क.सं. | प्रदेश | स्रष्टा वा संस्थाको नाम | ठेगाना |
|---|---|---|---|
| १. | १ नं. प्रदेश | श्री सुगम पोखरेल | रंगेली- २, मोरङ्ग |
| २. | मधेस प्रदेश | श्री रामनारायण ठाकुर | रामपुर, जनकपुर |
| ३. | बागमती प्रदेश | श्री नवीन पौडेल | काठमाडौ |
| ४. | गण्डकी प्रदेश | श्री केशरी घर्ती मगर | ताराखोला- १, बाग्लुङ |
| ५. | लुम्बिनी प्रदेश | श्री उन्नती बोहरा “शीला" | सिद्धार्थनगर न.पा., रूपन्देही |
| ६. | कर्णाली प्रदेश | श्री उत्तम शर्मा | उत्तरगंगा -१, सुर्खेत |
| ७. | सुदुरपश्चिम प्रदेश | श्री अमरबहादुर लामा | बडीकेदार- ३, डोटी |

### महाकवि देवकोटा पुरस्कार, २०७८

| क.सं. | नाम, थर | विधा | ठेगाना |
|---|---|---|---|
| १. | डा. वेञ्जु शर्मा | कविता/काव्य | काठमाडौं |
| २. | श्री रामकुमार श्रेष्ठ (राम विनय) | निबन्ध/समालोचना | तनँहु |
| ३. | डा. पुष्करराज भट्ट | गद्दाखान/नाटक | कैलाली |
| ४. | श्री विजय चालिसे | बालसाहित्य/लोकसाहित्य | काठमाडौं |
| ५. | श्री आ.डी. प्रभास चटौत | भाषा साहित्य | डडेल्धुरा |

### गोपाल प्रसाद रिमाल पुरस्कार, २०७८

| क.सं. | नाम, थर | विधा | ठेगाना |
|---|---|---|---|
| १. | डा. अमरराज गिरी | कविता | निमुरिया -२ घोराही, दाङ |
| २. | श्री झोराहाट नाट्य समूह | नाटक | विराटनगर |

### भगत सर्वजित मानव मर्यादा राष्ट्रिय पुरस्कार, २०७८ बाट पुरस्कृत हुनुहुने महानुभाव र विषयक्षेत्र

| क.सं. | नाम, थर | विषयक्षेत्र | ठेगाना |
|---|---|---|---|
| १. | श्री लालबहादुर विश्वकर्मा | दलित मुक्ति आन्दोलनको क्षेत्र तथा राजनीतिक, सामाजिक, शैक्षिक र साँस्कृतिक क्षेत्र | कञ्चनपुर |
| २. | श्री खगेन्द्र संग्रौला | समाज सुधार अभियानको क्षेत्र तथा राजनीतिक, सामाजिक, शैक्षिक र साँस्कृतिक क्षेत्र | काठमाडौं |
| ३. | डा. गोविन्द नेपाली | सीप, कला, शिक्षा, साहित्य, लेखन तथा अध्ययन अनुसन्धानको क्षेत्र | जुम्ला |

### इतिहास शिरोमणि बाबुराम आचार्य पुरस्कार, २०७८ बाट पुरस्कृत स्रष्टाको विवरण

| क.सं. | नाम, थर | ठेगाना |
|---|---|---|
| १. | प्रा. डा. त्रिरत्न मानन्धर | काठमाडौं |




**सम्माननीय प्रधानमन्त्री शेरबहादुर देउवाज्यू, माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री जीवनराम श्रेष्ठज्यूको समुपस्थितिमा पुरस्कार वितरण समारोहको एक झलक**

## २. पुरातत्त्व विभाग

पुरातात्त्विक स्थल संरक्षण आयोजना अन्तर्गत प्रदेशगत मुख्य कार्यहरू निम्नानुसार छन् :-

| प्रदेश | प्रमुख कार्यहरू |
|---|---|
| प्रदेश नं. १ | सुनसरीस्थित बराह क्षेत्रका सम्पदा संरक्षण, खोटाङ्ग जिल्ला दिप्रुङ्ग गा.पा. १ खमारेस्थित जलेश्वर महादेव मन्दिर संरक्षण, मोरङ्ग भेडीयारीस्थित विराट राजाको दरबार संरक्षण, भोजपुरस्थित सिंहदेवीस्थान मन्दिर संरक्षण लगायतका कार्य सम्पन्न । |
| मधेश प्रदेश | अयोध्या क्षेत्रको प्रथम चरणको पुरातात्त्विक अध्ययन अन्वेषण सम्पन्न भएको, महोत्तरी जिल्ला बलवा न.पा.स्थित लक्ष्मीनारायण मन्दिर संरक्षण र रानी रतवारा मठ संरक्षण लगायतका कार्य सम्पन्न। |
| बागमती प्रदेश | नुवाकोट जिल्ला ककनी गा.पा. ७ चतुरालेस्थित जगत गणेश मन्दिर संरक्षण, का.म.न.पा. १५ स्वयम्भुस्थित भचातगी ढुङ्गेधारा संरक्षण, शङ्खरापुर न.पा. बज्रयोगिनी मन्दिर जाने सिंढीसँगैको चैत्य तथा ढुङ्गेधारा संरक्षण, भक्तपुर जिल्ला दुवुलापुस्थित कुलभुक्तेश्वर मन्दिर संरक्षण, सिन्धुपाल्चोक जिल्ला चौतारा साँगाचोकगढी न.पा. १ पिपलडाँडास्थित वनकाली मन्दिर संरक्षण, सिन्धुपाल्चोक जिल्ला पिपलडाँडाँ चौतारास्थित भिमसेन मन्दिर पुनर्निर्माण लगायतका कार्य सम्पन्न। |
| गण्डकी प्रदेश | मुक्तिनाथ मन्दिर परिसरको ज्वालामाई मन्दिर संरक्षण, नवलपरासी सिक्रौलीमा उत्खनन्बाट प्राप्त शिव मन्दिर पुनर्निर्माण, कास्की जिल्ला अर्मलास्थित लक्ष्मीनारायण मन्दिर संरक्षण लगायतका संरक्षण कार्य सम्पन्न। |
| लुम्बिनी प्रदेश | प्यूठान जिल्लास्थित स्वर्गद्वारी मन्दिर तथा यज्ञशाला संरक्षण, दाङ जिल्लास्थित रतननाथ मन्दिर संरक्षण, पाल्पास्थित भैरवस्थान सत्तल सहित प्राङ्गण संरक्षण लगायतका कार्य सम्पन्न। |
| कर्णाली प्रदेश | दैलेख जिल्लास्थित नाभीस्थान परिसरको सत्तल संरक्षण, खप्तड क्षेत्रमा रहेको शिव मन्दिर र परिसर संरक्षण, हुम्ला जिल्लास्थित हाल्जि गुम्बा संरक्षण, रुकुम पश्चिम त्रिवेणी गा.पा. ७ स्थित भगवती मन्दिर जीर्णोद्धार गर्ने लगायतका कार्य सम्पन्न । |

| प्रदेश | प्रमुख कार्यहरू |
|---|---|
| सुदुरपश्चिम प्रदेश | दार्चुला जिल्ला व्यास गा.पा. ५ स्थित भुमिराज मन्दिर संरक्षण वैतडी जिल्ला दशरथचन्द न.पा. १ स्थित घडियाल मन्दिर संरक्षण, दार्चुला जिल्ला ब्यास गा.पा. ६ हुतिस्थित सम्पाल माडौं मन्दिर संरक्षण, बाजुरा जिल्ला जुकोट स्वामीकार्तिक खापर गा.पा.स्थित शम्भुनाथ मन्दिर (पञ्चदेवल परिसर) संरक्षण, अछाम जिल्ला साँफेबगर न.पा. ३ प्रभा माडीस्थित हाडासेन पुरातात्विक क्षेत्र र अछाम, चौरपाटी गा.पा. ४ पायल थापडास्थित कालिकास्थान पुरातात्त्विक क्षेत्रको अध्ययन प्रतिवेदन तयार भएको लगायत १३२ वटा सम्पदा संरक्षण तथा अध्ययन अनुसन्धानका कार्यहरु सम्पन्न भएको। |
| विश्व सम्पदा स्थल संरक्षण आयोजना | Photo Inventory on Progress Status (Post Earthquake Conservation and rehabilitation of Cultural Heritage of Kathmandu Valley World Heritage, काठमाडौं उपत्यका विश्व सम्पदा स्थल भित्रका संरक्षित स्मारक क्षेत्रहरू मध्ये २ वटा क्षेत्रको परिमार्जित कित्ता नापी नक्शा सहितको सीमांकन नक्सा तयार, विश्व सम्पदाको सम्भावित सूचीमा रहेको १५ वटा सम्पदा स्थलहरू मध्ये ५ वटा सम्पदा स्थलहरूको विस्तृत अध्ययन गरी प्रतिवेदन तयार, Silk Road Nomination का लागि पूर्वाधार तयार गर्ने सन्दर्भमा उक्त क्षेत्रको एक Nodle Town को विस्तृत अध्ययन गरी प्रतिवेदन तयार, विश्व सम्पदा स्थल काठमाडौं उपत्यका भित्रको एक संरक्षित स्मारक क्षेत्रको Inventory Update गर्ने लगायत ९ वटा अध्ययन अनुसन्धानका कार्यहरु सम्पन्न भएको। |
| पुरातत्त्व विभाग | भगवान गौतम बुद्धको राजप्रासाद रहेको प्राचीन तिलौराकोटको उचित संरक्षणको लागि आवश्यक पर्ने जग्गा अधिग्रहण गर्ने कार्य अन्तर्गत आ.व. ०७८।०७९ मा ५ विगाहा जग्गा र १६ वटा घरको अधिग्रहण भएको। |

- वि.सं. २०७२ सालको विनाशकारी महाभूकम्पबाट क्षतिग्रस्त पुरातात्त्विक, साँस्कृतिक, ऐतिहासिक महत्वका सम्पदाहरूको संरक्षण तथा पुनर्निर्माण गर्ने कार्यक्रमतर्फ आ.व. ०७८/०७९ मा ८२ वटा सम्पदाहरूको संरक्षण तथा पुनर्निर्माण कार्य सम्पन्न भई शुरु देखि हालसम्ममा ६७३ वटा सम्पदाहरूको संरक्षण तथा पुनर्निर्माण कार्य सम्पन्न भएको छ।
- ऐतिहासिक दरबार, जातीय संग्रहालयभित्रका गोरखा संग्रहालय, मुद्रा संग्रहालय र धातुकला संग्रहालय पाटनको संग्रहालय र कपिलवस्तु संग्रहालयको प्रदर्शनी व्यवस्थापन लगायतको कार्यहरू सम्पन्न भएको।

## ३. राष्ट्रिय अभिलेखालय

राष्ट्रिय अभिलेखालयबाट सम्पादन भएका प्रमुख कार्यहरू यसप्रकार रहेका छन्।

| सि.नं. | प्रमुख कार्यहरू | प्रगति |
|---|---|---|
| १ | अभिलेख उतारहरूको विवरणात्मक सूची तयार सम्बन्धी कार्य | ३१०८ ठेली |
| २ | भूकम्पले क्षति पुऱ्याएका स्मारकहरूबाट अभिलेखको लगत सङ्कलन कार्य | २५४ वटा |
| ३ | अभिलेखहरूको वैज्ञानिक संरक्षण कार्य | ४५८४ पाना |
| ४ | ग्रन्थ सम्पादन | २ वटा ग्रन्थ |
| ५ | परराष्ट्र मन्त्रालयका नक्शा डिजिटाइजेशन गर्ने कार्य | १२० वटा |
| ६ | शिलालेख उतारहरू लिप्यान्तर र भाषान्तर | २५० वटा |
| ७ | बृहद् आध्यात्मिक परिषद्, मृगस्थलीका अभिलेख संरक्षण तथा सूचीकरण कार्य | ७०० वटा |
| ८ | नारायणहिटी दरबार सङ्ग्रहालयका कागजातहरूको सूचीकरण तथा वर्गीकरण | ५८६ पोका |
| ९ | माइक्रोफिल्म स्क्यानिङ्ग कार्य | १,३२,४२७ पाना |

| सि.नं. | प्रमुख कार्यहरू | प्रगति |
|---|---|---|
| १० | अभिलेखहरूको डिजिटाइजेशन कार्य | ४,७३५ पाना |
| ११ | डिजिटल इमेजहरूको व्यवस्थापन कार्य | २,२५,००० इमेज |

## ४. नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय

- रचना दर्ता व्यवस्थापनको लागि सफ्टवेयर निर्माण भई परिक्षणको क्रममा रहेको ।
- Beijing Treaty, WCT, WPPT, Rome Convention सम्बन्धमा सरोकारवालाहरूबीचको अन्तर्क्रिया सम्पन्न भएको।




- रोयल्टी सङ्कलनसँग सम्बद्ध सरोकारवाला मन्त्रालय/निकाय तथा सङ्घसंस्थासँगको अन्तर्क्रिया सम्पन्न भएको।
- गीत सङ्गीत क्षेत्रका संस्था, स्रष्टा तथा सरोकारवाला व्यक्तिहरूसँगको अन्तर्क्रिया सम्पन्न भएको।
- प्रतिलिपि अधिकार कानुन कार्यान्वयन सम्बद्ध सरकारी निकाय तथा सरोकारवालाहरूसँगको अन्तर्क्रिया रसुवा, दाङ्ग (घोराही र तुल्सीपुर) र वीरगञ्जमा ४ वटा कार्यक्रम सञ्चालन गरिएको।
- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको स्थापना दिवस पहिलो पटक मनाइएको।




- नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालय, शान्तिनगरबाट नारायणहिटी दरबारस्थित भवनमा स्थानान्तरण भएको।
- सङ्गीतकार संघ नेपाल र नेपाल प्रतिलिपि अधिकार रजिष्ट्रारको कार्यालयको संयुक्त आयोजनामा प्रतिलिपि अधिकार सम्बन्धी जनचेतनामूलक कार्यक्रम सुनसरीको इटहरीमा सम्पन्न भएको।
- गीतकार तथा गजलकार स्रष्टा भेला तथा गीत गजल शिविर एवम् बौद्धिक सम्पत्ति र प्रतिलिपि अधिकार सम्बन्धी चेतनामूलक कार्यक्रम सोलुखुम्बु जिल्लाको सल्लेरीमा सम्पन्न भएको।

- मिति २०७९ वैशाख १० गते विश्व पुस्तक तथा प्रतिलिपि अधिकार दिवस सरोकारवालाहरुबीच अन्तर्क्रिया गरी मनाइएको।
- विश्व सङ्गीत दिवस मनाइएको।
- नारी स्रष्टासँगको अन्तर्क्रिया कार्यक्रम सम्पन्न भएको।
- रचना दर्तातर्फ-२२१ वटा रचना दर्ता गरिएको।

## ५. पशुपति क्षेत्र विकास कोष

धार्मिक पर्यटनको एक प्रमुख गन्तव्यका रूपमा रहेको पशुपतिनाथ क्षेत्रमा गुरूयोजनाअनुसार विकासका विभिन्न कार्यहरू योजनाबद्ध रूपमा सम्पन्न हुँदै आएका छन् भने दोस्रो गुरूयोजना निर्माण कार्य अन्तिम चरणमा रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस कोषको भौतिक प्रगति ७०.६९ प्रतिशत र वित्तीय प्रगति ७०.६९ प्रतिशत रहेको छ। समष्टिगत भौतिक प्रगति ६५ प्रतिशत र वित्तीय प्रगति ६२.७६ प्रतिशत रहेको छ। कोषबाट यस आर्थिक वर्षमा सम्पादित मुख्य मुख्य कार्यहरू निम्नानुसार रहेका छन्ः

- मृगस्थली भू-क्षय नियन्त्रण कार्य सम्पन्न भएको।
- गौरीघाट चौघेरा सत्तल संरक्षण कार्य अन्तिम चरणमा पुगेको।
- दर्शनमार्ग स्तरोन्नति तथा मर्मत रङ्गरोगन कार्य सम्पन्न भएको।
- अग्निहोत्रशाला तथा चार शिवालय संरक्षण कार्य सम्पन्न भएको।

## ६. लुम्बिनी विकास कोष

विश्व सम्पदा सूचीमा सूचीकृत भगवान गौतम बुद्धको पवित्र जन्मस्थल लुम्बिनीको योजनाबद्ध विकास गरी यसलाई प्रमुख पर्यटकीय एवम् धार्मिक गन्तव्यका रूपमा स्थापित गर्न विकास निर्माणका कार्यहरू भइरहेको छ। यस सम्पदा स्थलमा संयुक्त राष्ट्र सङ्घसहितको पहलमा प्रा. केञ्जो टाङ्गेद्वारा तयार गरी नेपाल सरकारले स्वीकृत गरेको लुम्बिनी गुरूयोजना कार्यान्वयनमा रहेको छ। गुरूयोजनाको आर्थिक वर्ष २०७८/७९ मा भौतिक प्रगति ९९.५८ प्रतिशत र वित्तीय प्रगति ९९.९२ प्रतिशत रहेको छ। कोषले सम्पादन गरेका प्रमुख कार्यहरू निम्नानुसार छन्ः

- लुम्बिनीमा ५००० जना क्षमताको अन्तर्राष्ट्रिय सभाहल तथा ध्यान केन्द्रको निर्माण कार्य सम्पन्न भएको।
- मिति २०७९ जेठ २ गते २५६६ औ बुद्ध जयन्ती एवम लुम्बिनी दिवस २०७९ का दिन बिहान ९ बजे सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाद्वारा सो हलको उद्घाटन सम्पन्न भएको।उक्त हलमा सोही दिन सम्माननीय प्रधानमन्त्रीको प्रमुख आतिथ्यतामा तथा मित्र राष्ट्र भारतका महामहिम प्रधानमन्त्री नरेन्द्र दामोदर दास मोदीको विशिष्ठ आतिथ्यतामा २५६६ औं बुद्ध जयन्ती एवम् लुम्बिनी दिवस, २०७९ को औपचारिक कार्यक्रम सम्पन्न भएको।



- लुम्बिनी गुरूयोजनाका बाँकी कार्यहरू अन्तर्गत सड़क नेटवर्क, ड्रेनेज, पीस पार्क र विभिन्न गेटहरूको निर्माण कार्य शुरू भएको।
- २५,००० विभिन्न फलफूलको बिरूवा लुम्बिनी गुरूयोजना क्षेत्रभित्रको गौतम बुद्ध फलफूल वाटिकामा रोप्ने कार्य सहित निर्माण कार्य सम्पन्न भएको।
- बृहत्तर लुम्बिनी गुरूयोजना अन्तर्गत रामग्राम क्षेत्रको गुरूयोजना तयार गरी मन्त्रालयमा पेश गर्ने कार्य सम्पन्न गरिएको।
- प्राचीन कपिलवस्तु क्षेत्रलाई विश्व सम्पदा क्षेत्रमा सूचीकृत गर्ने कार्यको शुरूवात भएको।

## ७. बृहत्तर जनकपुर क्षेत्र विकास परिषद्

- मिथिला संग्रहालय निर्माण कार्यको प्रथम चरणको कार्य सम्पन्न भएको।
- प्राणेश्वरनाथ महादेव मन्दिर सौन्दर्यीकरण भई हजारौंको संख्यामा साधु, सन्तहरूको बास तथा भोजन व्यवस्थापन कार्य सुचारू भएको।
- महन्थ पोखरी सौन्दर्यीकरण भई अतिक्रमणवाट मुक्त गरिएको।
- अधुरो मैथिली विकास कोष भवन संचालन भएको।
- कार्यालय परिसर तथा कार्यालयभित्र सि.सि.टि.भी. जडान गरिएको।
- रामनवमी, विवाह पंचमी, दशैं, छठ एवम् जनकपुरक्षेत्रको पवित्र पर्व माध्यमिकी १५ दिने परिक्रमा संचालन गरी पर्यटकीय गतिविधिमा बृद्धि भएको।
- प्रसिद्ध जानकी मन्दिरमा स्मार्ट लाईट जडान गरिएको।

## ८. भाषा आयोग

- सरकारी कामकाजको भाषा सिफारिसका आधार सम्बन्धी प्रतिवेदन तयारी, प्रकाशन तथा नेपाल सरकारसमक्ष पेश भएको।
- प्रदेश नम्बर १ को विराटनगर र कर्णाली प्रदेशको वीरेन्द्रनगर सुर्खेतमा सरकारी कामकाजको भाषा सिफारिस सम्बन्धी प्रादेशिक भाषा सङ्गोष्ठी सम्पन्न।
- भाषिक सर्वेक्षण सम्बन्धी अवधारणा पत्र तयार।
- नमोबुद्ध नगरपालिकामा भाषिक सर्वेक्षणका लागि विज्ञ/सल्लाहकारमार्फत तयार भएको प्रश्नावली लिई भाषा सर्वेक्षण फारम भरी तथ्याङ्क सङ्कलन कार्य सम्पन्न।
- भाषा ऐनको प्रारम्भिक मस्यौदा तयार।
- अन्तर्राष्ट्रिय आदिबासी भाषा कार्यक्रम अन्तर्गत विभिन्न भाषाविद्हरूको लेखहरू सङ्कलित भाषालोक प्रकाशन।
- भाषा परिवार विज्ञ सूची व्यवस्थापन कार्यक्रम अन्तर्गत ४ ओटा भाषा परिवार र भाषा परिवार नखुलेको सहित व्यक्तिगततर्फ जम्मा ९५ भाषा र संस्थागत तर्फ जम्मा ४३ भाषा सूचीकृत भएका।
- राष्ट्रिय जनगणना, २०६८ को तथ्याङ्कको आधारमा सात ओटै प्रदेशहरूमा बोलिने भाषाहरूको भाषिक तथ्याङ्क तयार।

- अन्तर्राष्ट्रिय मातृभाषा दिवस २१ फेब्रुअरीका सन्दर्भमा २०७८ फागुन ९ गते जुममार्फत मातृभाषाको संरक्षण, संवर्द्धन र विकासमा केन्द्रित भई विज्ञ तथा सल्लाकारहरूको सहभागितामा अन्तर्क्रिया कार्यक्रम सम्पन्न।
- शास्त्रीय भाषा (भोट, पालि र संस्कृत) सम्बन्धी अध्ययन प्रस्तावना तयार गरी अनुसन्धानका लागि सामग्री समेत विकास गरिएको।
- विभिन्न विश्वविद्यालय तथा क्याम्पसमा अध्ययनरत ४ जना शोध अनुसन्धाताहरू सूर्य प्रसाद यादव (A Sociolinguestic Study of maithili), पूर्णानन्द ओझा (दशाविवेचनम्), सिता आलेमगर (आधारभूत तहका मगर भाषी विद्यार्थीहरूले स्तरीय नेपाली उच्चारणमा गर्ने त्रुटीको विश्लेषण) र भूवनेश्वर देवकोटा (कक्षा ३ को स्थानीय खस भाषा पाठ्यपुस्तकको विश्लेषण)बाट शोधपत्र प्राप्त भएको।
- कैलाली र बर्दिया जिल्लामा राजी जातिको पेशा र भाषिक अन्तरसम्बन्धको बारेमा स्थलगत अध्ययन तथा तथ्याङ्क सङ्कलन गरी विज्ञमार्फत प्रतिवेदन समेत प्राप्त भएको।
- विद्यालयमा शास्त्रीय भाषा अन्तर्गत संस्कृत भाषाको प्रयोग, विस्तार र सम्भावना बारे यथार्थ जानकारी प्राप्त गर्न विज्ञमार्फत नवलपरासी जिल्लाको त्रिवेणीधाम र शाश्वतधाममा स्थलगत अध्ययन, तथ्याङ्क सङ्कलन गरी प्रतिवेदन समेत प्राप्त भएको।
- विद्यालयमा शास्त्रीय भाषा अन्तर्गत भोट र पालि भाषाको प्रयोग विस्तार र सम्भावनाबारे पोखरा महानगरको हेम्जा र रूपन्देही जिल्लाको लुम्बिनीमा अध्ययन अनुसन्धान गरी विज्ञ मार्फत प्रतिवेदन प्राप्त भएको।
- जुम्ला जिल्लाको सिंजामा मिति २०७९/२/१४ गते सिंजाली/खस भाषाको वर्ण सत्यापन सम्बन्धी अध्ययन अनुसन्धान कार्य सम्पन्न।
- वालुङ, सेर्के र सिंजाली/खसभाषाका वर्ण निर्धारण, क्षेत्तेली भाषाको शब्द सङ्कलन, पुमा भाषाको पाठ सङ्कलन, नेवाहाङ्ग भाषाको भाषिक इतिहास लेखन, सुनुवार भाषाको शब्दकोश निर्माण तथा बज्जिका र मगर ढुटभाषाको व्याकरण निर्माण मस्यौदा प्रतिवेदनहरू विज्ञद्वारा मूल्याङ्कन गराई प्राप्त सुझाव समेत समेटिएका प्रतिवेदनहरू मूल्याङ्कन समितिमा पेस भई स्वीकृत भएको।
- मेचे, थामी र दुरा भाषाका शब्दकोशहरू र व्याकरणका साथै जुम्ली खस भाषाको व्याकरण प्रतिवेदनहरूको अन्तिम मूल्याङ्कन सम्पन्न।

## ९. नेपाल प्रज्ञा प्रतिष्ठान

नेपाल प्रज्ञा-प्रतिष्ठानले आर्थिक वर्ष २०७८/०७९ मा सम्पन्न गरेको अध्ययन/अनुसन्धान, गोष्ठी, सम्मेलन तथा प्रकाशनसँग सम्बन्धित मुख्य-मुख्य कार्य देहायबमोजिम रहेका रहेका छन्।

- गोष्ठी, सम्मेलन तथा कार्यशालातर्फ ५५ ओटा गोष्ठीहरू सम्पन्न भएका छन्।
- पुनःप्रकाशन र नयाँ प्रकाशनका निम्ति निर्णय भएका १२७ ओटा पुस्तकमध्ये कतिपय प्रकाशन भइसकेका छन् भने केही पुस्तकहरू मुद्रणका क्रममा रहेका छन्।
- अध्ययन/अनुसन्धानतर्फ ९४ ओटा शीर्षकमा अनुसन्धान कार्यका निम्ति सम्झौता गरी अधिकांश कार्य सम्पन्न भएका छन्।
- महाकवि लक्ष्मीप्रसाद देवकोटाका परिवारले भोगचलन गर्दै आएको काठमाण्डौ, मैतीदेवीस्थित कविकुञ्जको घरजग्गामा महाकवि लक्ष्मीप्रसाद देवकोटा सङ्ग्रहालय निर्माण सम्पन्न भएको।
- **प्रज्ञा नेपाली बृहत् शब्दकोश निर्माण सहित प्रकाशन** : नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा नेपालका विभिन्न मातृभाषाका शब्दहरू र नेपालका विभिन्न भूखण्ड र विभिन्न देशमा रहेका नेपालीहरूले बोल्ने भाषिकाका शब्दहरू समेत समेट्ने गरेर १ लाख ३० हजार शब्दहरू समावेश गरी 'प्रज्ञा नेपाली बृहत् शब्दकोश' प्रकाशन भइ २०७९ भदौ २७ गते सम्माननीय राष्ट्रपतिज्यूबाट लोकार्पण समेत भइसकेको छ। 'प्रज्ञा नेपाली बृहत्

शब्दकोशमा समाविष्ट शब्दहरूका साथै अन्य विभिन्न भाषाका शब्दकोशमा समाविष्ट शब्दहरूलाई समेत समेट्ने गरेर एकीकृत डाटाबेस निर्माण कार्य सम्पन्न गरिएको छ।

- **प्रज्ञा इ-बुक एप निर्माण सम्पन्न** : नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रकाशनहरूलाई विद्युतीय माध्यमबाट खरिद गर्न र पढ्न मिल्ने गरी नेपाल प्रज्ञा-प्रतिष्ठान इ-बुक एप निर्माण गरि प्रयोगको अन्तिम तयारीमा रहेको छ।
- **राष्ट्रिय कविता महोत्सव-२०७९ सम्पन्न** : नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा ६५ औं वार्षिकोत्सवका अवसरमा २०७९ आषाढ ९ गते राष्ट्रिय कविता महोत्सव-२०७९ को आयोजना गरियो। कमलादीस्थित प्रज्ञा भवनको प्रज्ञा सम प्रेक्षालयमा आयोजित भव्य समारोहलाई सम्माननीय प्रधानमन्त्री एवम् नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रमुख संरक्षक शेरबहादुर देउवाले पानसमा दीप प्रज्वलन गरेर समुद्घाटन गर्नुभएको थियो। सो समारोहलाई सम्बोधन गर्दै प्रधानमन्त्री देउवाले “मुलुकमा आएको परिवर्तनसँगै बहुजातीय तथा बहुभाषिक समुदायलाई सम्बोधन गर्ने गरी प्रज्ञा-प्रतिष्ठानले प्राज्ञिक कार्यहरू गरिरहेको" बताउनुभयो। समारोहलाई सम्बोधन गर्दै माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री एवम् नेपाल प्रज्ञा-प्रतिष्ठानका संरक्षक प्रेमबहादुर आलेले "भाषा, साहित्य, संस्कृति, दर्शनशास्त्र र सामाजिक शास्त्र नेपाल प्रज्ञा-प्रतिष्ठानको कार्यक्षेत्र भएको" बताउनुभयो।




- **अन्तर्राष्ट्रिय मातृभाषा दिवस-२०२२** : प्रत्येक वर्ष २१ फेब्रुअरीका दिन विभिन्न कार्यक्रम आयोजना गरी अन्तर्राष्ट्रिय मातृभाषा दिवस भव्यतापूर्वक मनाइँदै आइएकोमा यस वर्ष नेपाल प्रज्ञा-प्रतिष्ठानले भाषा आयोग र युनेस्को काठमाडौँसँगको सहकार्यमा 'मातृभाषा तथा मातृभाषा साहित्यसम्बन्धी विचार-गोष्ठी-२०७८' र राष्ट्रिय मातृभाषा कविता महोत्सव-२०७८' भव्यतापूर्वक सम्पन्न गरेको छ।




- **प्राज्ञ सभाको ३६ औं बैठक सम्पन्न** : नेपाल प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ सभाको ३६ औं बैठक २०७८ कात्तिक २८ गते आइतबार सम्पन्न भयो। नेपाल प्रज्ञा-प्रतिष्ठानका माननीय कुलपति गङ्गाप्रसाद उप्रेतीको अध्यक्षतामा बसेको सो बैठकलाई सम्माननीय प्रधानमन्त्री एवम् नेपाल प्रज्ञा-प्रतिष्ठानका प्रमुख संरक्षक शेरबहादुर देउवाले समेत सम्बोधन गर्नुभएको थियो।

- **विराटनगरमा प्रदेशस्तरीय बृहद् वाङ्मय सङ्गोष्ठी** : नेपाल प्रज्ञा-प्रतिष्ठानद्वारा विराट साहित्य सङ्गमसँगको सहकार्यमा २०७८ चैत १८ र १९ गते विराटनगरमा प्रदेशस्तरीय बृहद् वाङ्मय सङ्गोष्ठी-२०७८ भव्यताका साथ आयोजना गरिएको थियो। नेपाल प्रज्ञा-प्रतिष्ठानका कुलपति गङ्गाप्रसाद उप्रेतीको अध्यक्षता तथा प्रदेश नं. १ का मुख्यमन्त्री राजेन्द्रकुमार राईको प्रमुख आतिथ्यतामा उक्त सङ्गोष्ठी सम्पन्न भएको थियो।
- **प्रज्ञा कूटनीतिक शब्दकोश** : यस शब्दकोशका निम्ति विज्ञ डा. दुर्गाबहादुर सुवेदी (दुबसु क्षेत्री) सँग सम्झौता भई कार्य प्रारम्भ गरिएको छ। यस कार्यबाट कूटनीतिक क्षेत्रमा प्रचलित शब्दहरूको सङ्कलन भई कोशीय ढाँचामा प्रकाशन हुने र उक्त कोशबाट कूटनीतिक शब्दका अर्थ तथा तिनको प्रयोगका सम्बन्धमा जानकारी प्राप्त हुनेछ।
- **नेपाली झर्रा शब्दसङ्ग्रह** : यो शब्दसङ्ग्रह तयार भई प्रकाशन भइसकेको छ। यसबाट नेपालमा प्रचलित झर्रा शब्दको अर्थसहित जानकारी प्राप्त हुनेछ।
- **चिनियाँ दर्शन** : यो अनुसन्धान कार्य सम्पन्न भई प्रकाशोन्मुख अवस्थामा छ। यसबाट चीनको प्राचीन र आधुनिक दर्शन परम्पराका सम्बन्धमा जानकारी प्राप्त हुने छ।
- **नेपालको दार्शनिक परम्परा र दार्शनिकहरू** : यस अनुसन्धानबाट नेपालको दर्शन परम्परा र प्राचीन दार्शनिकहरूका बारेमा जानकारी प्राप्त हुने छ। यो पुस्तकका रूपमा प्रकाशित भइसकेको छ।
- **कुसुन्डा भाषाको आधारभूत व्याकरण निर्माण** : यस अनुसन्धानले नेपालको लोपोन्मुख कुसुन्डा जातिले प्रयोग गर्ने कुसुन्डा भाषाको व्याकरणका बारेमा जानकारी लिन सकिने छ। यस अनुसन्धान कृतिका रूपमा प्रकाशन भइसकेको छ।
- **नेपाली साङ्केतिक भाषाको व्याकरणिक रूपरेखा** : यस अनुसन्धानले फरक क्षमता रहेका विशेष गरी बहिराहरूका निम्ति अध्ययन र जानकारीका निम्ति सहयोग पुऱ्याउँछ। यो कृतिका रूपमा प्रकाशोन्मुख अवस्थामा छ।
- **नेपाली महाकाव्यको इतिहास र विश्लेषण** : यस अनुसन्धानबाट नेपाली महाकाव्यको परम्परा, इतिहास र तिनका काव्यिक धाराका सम्बन्धमा वृहद् जानकारी प्राप्त हुन्छ। यो ग्रन्थका रूपमा प्रकाशित भइसकेको छ।
- **साहित्य इतिहास दर्शन** : यस अनुसन्धान कार्यबाट साहित्यका विभिन्न विधाका दार्शनिक धरातल र लेखन प्रक्रियाका सम्बन्धमा जानकारी प्राप्त हुन्छ। यो प्रकाशनका निम्ति अन्तिम चरणमा रहेको छ।
- **नेपाली बालसाहित्यको इतिहास लेखन** : यस अनुसन्धान कार्यबाट नेपालका सातवटै प्रदेश, भारत र नेपाली डायास्पोराका क्षेत्रमा नेपाली बालसाहित्यको परम्परा, इतिहासका साथै बालसाहित्यसम्बन्धी विविध विषयवस्तुको बोध हुन्छ। यो प्रकाशनको अन्तिम चरणमा छ।
- **तस्बिरमा नेपाल** : यो पुस्तकमा नेपालका सातवटै प्रदेशका प्रतिनिधिमूलक सुन्दर तस्बिरहरू र सो को सङ्क्षिप्त परिचयसहित प्रकाशन गरिएको छ। नेपाल बुझ्न र जान्न चाहनेहरूका निम्ति यो पुस्तक महत्त्वपूर्ण सन्दर्भ सामग्री बन्ने छ। यसलाई अङ्ग्रेजी भाषामा अनुवाद गरी 'Nepal in Images' नाममा प्रकाशन समेत गरिसकिएको छ।
- **नेपाल दर्पण (मधेस दर्पण)** : यसबाट नेपालको मधेस प्रदेशको समग्र विवरण प्राप्त हुन्छ। यसले मधेस प्रदेशका भाषा, साहित्य, जनजीवन, भूगोल, संस्कृति, सम्पदा, दर्शन आदिलाई संकलन गरेर प्रकाशोन्मुख अवस्थामा रहको छ।
- **प्रज्ञा अवधी-अवधी-नेपाली-अङ्ग्रेजी शब्दकोश** : यो शब्दकोश बहुवर्षीय परियोजनामा तयार भई प्रकाशोन्मुख अवस्थामा छ। यसबाट नेपालका पश्चिम तराई तथा अन्य भूभागमा समेत बोलिने अवधी भाषाका शब्द, तिनको व्युत्पत्ति स्रोत तथा नेपाली र अङ्ग्रेजीमा तिनका अर्थ समेत प्राप्त हुनेछ।

- **प्रज्ञा नेपालभाषा-नेपाली-अङ्ग्रेजी शब्दकोश** : यो शब्दकोश बहुवर्षीय परियोजनामा तयार भई प्रकाशोन्मुख अवस्थामा छ। यसबाट नेपाल भाषाका शब्द, तिनको व्युत्पत्ति स्रोत तथा नेपाली र अङ्ग्रेजीमा तिनका अर्थ समेत प्राप्त हुन्छ।
- **प्रज्ञा नेपाली-अङ्ग्रेजी शब्दकोश** : यसबाट पूर्व प्रकाशित शब्दकोशलाई अद्यावधिकसहित शब्द र अर्थसमेत थप गरेर प्रस्तुत गरिएकाले थप प्रभावकारी हुने अपेक्षा गरिएको छ।

## १०. नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान

- वरिष्ठ कलाकार स्व. एकाराम सिंद्वारा लोप भएका नेपाली ऐतिहासिक चित्रकलाबारे अध्ययन, अनुसन्धान तथा खोज गरी लेखिएको लोप भएका **नेपालका ऐतिहासिक चित्रकला** नामक पुस्तक, बालबालिकाहरूका लागि लेखद्वय कृष्ण गोपाल श्रेष्ठ र रविन्द्र मानन्धरबाट **कलाकार अरनिको र लेखक विजयराज आचार्यद्वारा लेखिएको अनाम** नामक सचित्र बाल पुस्तकहरू प्रकाशन गरिएको छ। त्यसैगरी कलाकारहरू, कला ग्यालरी तथा प्रदर्शनी स्थल, कला लेखक, कला समीक्षक, कला पसल आदिको नामावली र सम्पर्क नम्वर सहितको टेलिफोन निर्देशिकाको प्रकाशन गरिएको।
- मिति २०७९ असार २१ देखि ऐ. २३ गतेसम्म तीन दिने डिजिटल फोटो कार्यशाला र डिजिटल फोटोग्राफी प्रतियोगिता तथा प्रदर्शनी सञ्चालन गरी सम्पन्न गरिएको। प्रतियोगितामा सहभागी २२ कलाकारका ४४ वटा फोटोहरू समावेश भएकोमा उत्कृष्ट तीन कलाकारहरू क्रमशः कृतन जोशीलाई प्रथम, सत्यम श्रेष्ठलाई द्वितीय र गोविन्द महर्जनलाई तृतीय पुरस्कार, प्रमाण-पत्र, खादा र नगदसहित सम्मान गरिएको।
- नेपालका विभिन्न जातजाति, धार्मिक, साँस्कृतिक परम्परा झल्कने अनुसन्धात्मक चित्र निर्माण गर्न कलाकार पकबहादुर थापासँग सम्झौता गरी ४ वटा अनुसन्धात्मक चित्र निर्माण कार्य सम्पन्न।
- नेपाली समसामयिक मूर्तिकला र मूर्तिकारका बारेमा खोजमूलक मूर्तिकला र मूर्तिकार नाम पुस्तक लेखन कार्यका लागि नरेन्द्र प्रसाद भण्डारीसँग सम्झौता भई समसामयिक मूर्तिकलामा पुरानो र नयाँ मूर्तिकला (जस्तै कार्यशालामा बनाउने मूर्तिकला वा कलाकारले स्वतन्त्र रूपमा बनाएको मूर्तिकला) र मूर्तिकारहरूका बारेमा अध्ययन गरिएको।
- नेपाली कला शैलीलाई विश्वव्यापी रूपमा फैलाई नेपालको इज्जत, सम्मान र प्रतिष्ठा बढाउने साहसी कलाकार राष्ट्रिय विभूति अरनिकोको बारेमा कलाकार गणेश जी.सी.द्वारा पुस्तक तयार गराउन लगाइएको।
- नेपाली परम्परागत चित्रकलाका दिवङ्गत प्रसिद्ध अग्रज कलाकार सिद्धिमुनि शाक्यको जीवनी र उनको कलामा अध्ययन अनुसन्धान गरी पाण्डुलिपि लेखन गरी पुस्तक प्रकाशन र मिति २०७८/११/५ मा सो पुस्तक विमोचन गरिएको।
- २०७८ मंसिर १६ देखि ऐ. २४ गतेसम्म नेपाली परम्परागत थाङ्का/पौभाका दिवंगत र वर्तमानका चर्चित कलाकारहरूको सामूहिक चित्रकला प्रदर्शनी, गोष्ठी तथा प्रशिक्षण कार्यक्रम सम्पन्न गरिएको।
- राष्ट्रिय ललितकला प्रदर्शनी, २०७९ को प्रदर्शनी अवधिमा विभिन्न गतिविधि गर्ने सन्दर्भमा संस्कृतिविद् डा. जगमान गुरूङको प्रमुख आतिथ्यमा २०७९ वैशाख १२ गते **"नेपाली परम्परागत चित्रकलाको ऐतिहासिक पक्ष र वर्तमान अवस्था"** विषयक Talk Show सम्पन्न गरियो।
- प्राज्ञ मानबहादुर दोङ, वरिष्ठ कलाकार पूर्णप्रसाद ह्योजु र कला लेखक देवेन्द्र थुम्केलीद्वारा संयुक्त रूपमा लेखन गरिएको **"नेपाली परम्परागत चित्रकला : शिल्पज्ञान"** को विमोचन सम्पन्न गरियो।
- नेपाल ललितकला प्रज्ञा–प्रतिष्ठानका माननीय कुलपति के.के.कर्माचार्यज्यूको प्रमुख आतिथ्यतामा मिति २०७८/६/५ गते पोखराको हिल प्वाइन्ट मा.वि.मा ५ दिने "प्रयोगात्मक जलरङ चित्रकला कार्यशाला,

गोष्ठी तथा प्रदर्शनी" कार्यक्रम सञ्चालन गरिएको। कार्यक्रममा अग्रज दुईजना कलाकार छेत्रलाल कायस्थ र यादवचन्द्र भुर्तेललाई प्रमुख अतिथिबाट दोसल्ला ओढाएर र कदरपत्र प्रदान गरी सम्मान गरिएको थियो।

- मिति २०७९/९/१८ र १९ गते लुम्बिनी क्षेत्रका लोक हस्तकला विचार गोष्ठी तथा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरिएको। उक्त कार्यक्रममा संस्कृतिविद् विक्रममणि त्रिपाठीले 'अवधी लोक हस्तकला', कलाकार देवेन्द्र थुम्केलीले 'लोक/हस्तकलामा कुदानको प्रभाव' र अभियन्ता चन्द्रप्रकाश पाठकले 'लुम्बिनी क्षेत्रका अमूर्त सांस्कृतिक सम्पदा एवम् तिनको व्यावसायिक सम्भावना' शीर्षकमा कार्यपत्र प्रस्तुत गर्नु भएको।
- मार्च ११ अरनिको स्मृति दिवसको दिन वरिष्ठ मूर्तिकार क्रोधकला शिरोमणि प्राज्ञ कालु कुमालेज्युको प्रमुख आतिथ्यतामा परम्परागत हस्तकला प्रदर्शनी तथा अरनिको सम्बन्धी प्रवचन कार्यक्रम सम्पन्न गरिएको। परम्परागत हस्तकला विधाहरूमध्ये काष्ठकला, प्रस्तरकला, धातुकला, थाङ्का, पौभा कलाहरू संकलन गरी २०७८ फागुन २७ गते (मार्च ११, २०२२) का दिन देखि एक हप्तासम्म परम्परागत हस्तकला प्रदर्शनी सञ्चालन गरिएको।
- नेपाल ललित कला प्रज्ञा प्रतिष्ठान, नेपाल हस्तकला महासङ्घ (वस्तुगत परिषद्) तथा नेपाल काष्ठकला सङ्घको संयुक्त आयोजनामा स्थानीय निजी तथा सार्वजनिक प्रकृतिका सङ्घ/संस्थाहरूसँगको सहकार्य कार्यक्रम अन्तर्गत यही २०७९ जेष्ठ २३ र २४ गते ललितपुर, बुङ्गमतीस्थित प्रथमपुर महाविहारमा नेपाल चेम्वर अफ कमर्श, ललितपुर उद्योग वाणिज्य सङ्घ र ललितपुर हस्तकला सङ्घको सहयोगमा काष्ठकला वस्तुहरूको प्रदर्शनी तथा ब्यापार मेला आयोजना गरियो। प्रदर्शनीमा रम्परागत डिजाईन र रंगरोगन प्रयोग गरिएका मयूर झ्याल, छ–झ्याल, आँखी झ्याल, कार्भिङ्ग टेबल, बुद्ध मूर्ति, लोकेश्वरका मूर्ति, भैरव मुखुण्डो, बुद्ध जीवन चक्र, बुद्ध मण्डला, तारा मूर्ति, काठको सिंह तथा चित्रकलाहरू प्रदर्शनमा राखिएको थियो।
- महिला क्यारिकेचर कलाकारहरू तयार गर्ने उद्देश्यले २०७८ पौष २८, २९ र ३० गते तीन दिने क्यारिकेचर कार्यशाला आयोजना गरिएको।
- प्रतिष्ठानको आयोजनामा नेपाल क्यारिकेचर प्रदर्शनी, २०७९ मिति २०७९/३/२६ गते देखि १३ दिनसम्म सञ्चालन गरिएको थियो। कार्टुनिष्ट क्लब अफ नेपालसँगको सहकार्यमा आयोजना गरिएका सो प्रदर्शनीमा ४२ जना कलाकारको ४८ थान क्यारिकेचरहरू राखिएको।
- मिति २०७८/८/३ गते एक समारोहका बीच प्रा.डा. सोमप्रसाद खतिवडाको अध्ययन अनुसन्धानमा 'दन्तकाली, पिण्डेश्वर, बुढानीलकण्ठ र बराहक्षेत्रको सम्पदा र वास्तुकलाः एक अध्ययन' नामक पुस्तक लोकार्पण गरिएको।
- **नेपालमा परम्परागत वास्तुकला** नामक पाण्डुलिपि लेखनका लागि प्रा.डा. सोमप्रसाद खतिवडासँग र वरिष्ठ कलाकार अशोकमान सिंहले **ग्राफिक आर्ट नामक** पाण्डुलिपि तयार गर्न सम्झौता गरिएकोमा उक्त पाण्डुलिपि प्राप्त हुन आएको।
- २०७९ साल बैशाख १७ गते वास्तुकला सम्बन्धी Art Talk कार्यक्रम आयोजना गरिएको।
- नाफा, वास्तुकला तथा अन्य सिर्जनात्मक कला विभाग र नेपाल व्यवसायिक कलाकार सङ्घको संयुक्त आयोजनामा कोरोना महामारी र जनचेतना विषयक राष्ट्रव्यापी खुला पोष्टर डिजाइन प्रतियोगिता २०७८ साल पौष २८ गते आयोजना गरिएको।
- अनुसन्धानकर्ता तथा लेखकद्वय राजकी अर्याल र आशा शिम्खडाद्वारा लेखन गरिएको पुस्तकहरू क्रमशः **भाटभटेनी मन्दिरको वास्तुकला तथा सम्पदा : एक अध्ययन** र **भाटभटेनी मन्दिरको धार्मिक, साँस्कृतिक, सामाजिक तथा मिथकीय परम्पराः एक अध्ययन** नामक अनुसन्धानमूलक पुस्तक विमोचन गरिएको।

- दक्षिण एसियामा नै ठूलो एउटै ढुङ्गा(पथ्थर)मा बन्न लागेको मूर्तिले नेपाली कलालाई उचाईमा पुऱ्याउनुका साथै आन्तरिक तथा बाह्य पर्यटकीय हबको रूपमा विकास गर्ने उद्देश्यले नेपाल ललितकला प्रज्ञा प्रतिष्ठान, मूर्तिकला विभाग र पाँचपोखरी थाङपाल गाउँपालिकाको संयुक्त आयोजनामा मूर्ति निर्माण कार्यको शुभारम्भ गरिएको।
- नेपालमा कला सम्बन्धी अध्ययन अनुसन्धान गर्न इच्छुक अनुसन्धाता, कला शिक्षक, कलाकार, विद्यार्थी, पाठकहरूलाई बजारमा कला सम्बन्धी पुस्तकहरूको अभाव भएका कारणले यस आर्थिक वर्षमा मूलत मूर्तिकला र मूर्तिकारहरूको बारे अध्ययन अनुसन्धान गराई निम्न ४ वटा पुस्तकहरू प्रकाशन गरिएको।
  क) नेपालका प्रसिद्ध परम्परागत मूर्तिकार – प्राज्ञ रमेशनाथ खनाल
  ख) मूर्तिकला : आयामिक रूपान्तरण परिघटना – प्राज्ञ ताराप्रसाद ओझा
  ग) नेपाली मूर्तिकार शोधमूलक जीवनी र अन्तर्वार्ता – एन.वि. गुरूङ
  घ) नेपाली मूर्तिकलामा कन्सेप्ट र कन्टेन्ट – अगम श्रेष्ठ

## ११. नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा प्रतिष्ठान

**क.** सङ्गीत तथा नाट्य विधाका ६ जना विशिष्ट प्रतिभा तथा श्रष्टाहरूलाई "नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार,२०७८" वितरण गर्ने कार्यक्रम अन्तर्गत मिति २०७९ जेठ २३ गते सोमबार राष्ट्रपति कार्यालय, शीतलनिवासमा सम्माननीय राष्ट्रपतिज्यूको समुपस्थितिमा जनही एक लाख एक रूपैया राशिको नेपाल सङ्गीत तथा नाट्य राष्ट्रिय प्रज्ञा पुरस्कार–२०७८ निम्नानुसारका श्रष्टा तथा कलाकारहरूलाई समर्पण गरियो।

| क्र.सं | वरिष्ठ श्रष्टा तथा कलाकारको नाम, थर | विधा |
|---|---|---|
| १ | वरिष्ठ सङ्गीतकर्मी मोहन कृष्ण कार्की ढली | सङ्गीत विधा |
| २ | वरिष्ठ नृत्य निर्देशक विणा जोशी राजभण्डारी | नृत्य विधा |
| ३ | वरिष्ठ नाटककार मन बहादुर मुखिया | नाटक विधा |
| ४ | वरिष्ठ लोक गायक अमर विरही गुरूङ्ग | लोक सङ्गीत विधा |
| ५ | वरिष्ठ रङ्गकर्मी ऋद्धि चरण श्रेष्ठ | रङ्गमञ्च विधा |
| ६ | वरिष्ठ शास्त्रीय सङ्गीत साधक मोहन प्रसाद जोशी | शास्त्रीय तथा परम्परागत सङ्गीत विधा |



*नेपाल सङ्गीत तथा नाटय राष्ट्रिय प्रज्ञा पुरस्कार-२०७८ समर्पण समारोह, राष्ट्रपति कार्यालय, शीतलनिवास, काठमाडौं*

**ख.** १२ औं प्राज्ञ सभाको बैठक सम्माननीय प्रधानमन्त्री एवम् नेपाल सङ्गीत तथा नाट्य प्रज्ञा–प्रतिष्ठानका प्रमुख संरक्षक शेर बहादुर देउवाज्यूबाट समुद्घाटन साथै माननीय संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्री एवम् यस प्रज्ञा–प्रतिष्ठानका संरक्षक श्री जीवनराम श्रेष्ठज्यूको प्रमुख आतिथ्यतामा सम्पन्न भएको।




१२ औं प्राज्ञ सभाको समुद्घाटन समारोहमा प्रज्ञा-प्रतिष्ठानका प्रमुख संरक्षक सम्माननीय प्रधानमन्त्री शेर बहादुर देउवाज्यू र संरक्षक माननीय संस्कृति, पर्यटन तथा नागरिक उडडयन मन्त्री श्री जीवनराम श्रेष्ठज्यू

**ग.** संविधान दिवस–२०७८ को अवसरमा वि.स.२०७८ साल असोज ३ गते राष्ट्रिय नाचघर, जमलमा “हाम्रो धुनः हाम्रो धड्कन” कार्यक्रम आयोजना गरिएको । जसमा नेपालका तीन सौका, थारु र वालुङ समुदायका ३–३ वटा लोपोन्मुख मौलिक धुन प्रस्तुत गरिएको थियो ।




**संविधान दिवस-२०७८ को अवसरमा आयोजित ‘हाम्रो धुनः हाम्रो धड्कन’ सांस्कृतिक कार्यक्रम**

**घ.** **एक प्रदेश एक परम्परा** : सम्बन्धित प्रदेशको पर्यटकीय सम्भावना भएको सर्वाधिक लोकप्रिय एक परम्पराको खोजमूलक अनुसन्धानात्मक गोष्ठी एवम् तपशिल बमोजिमका कार्यक्रम सम्पन्न भएको ।

- बाह्रदशी गाउँपालिका, चकचकी, झापामा विशेषगरी झापा र मोरङ जिल्लामा बसोबास गर्ने अल्पसंख्यक जनजाति सन्थालहरूको सङ्गीत–नृत्य परम्परामा केन्द्रित कार्यक्रम सम्पन्न ।

- दोस्रो कोहलपुर–०२, वर्दहवा, बाँके, लुम्बिनी प्रदेशमा थारू जातिको सङ्गीत–नृत्य परम्परामा केन्द्रित कार्यक्रम गरिएको ।
- मधेश प्रदेशको सप्तरी, सिरहा, धनुषा, महोत्तरी, सर्लाही जिल्लाहरूमा बसोबास गर्ने मिथिलाक्षेत्रका दलित समुदायको परम्परागत वाद्यवादनमा केन्द्रित कार्यक्रम सप्तरी जिल्लाको छिन्नमस्ता (सखडा) मा आयोजना गरिएको।

**ङ.** प्रदेशस्तरीय मौलिक बाजा प्रशिक्षण कार्यक्रम प्रदेश नं.१ को पाँचथरको फिदिममा च्याब्रुङ बाजा प्रशिक्षण, बाग्मती प्रदेशको काठमाडौं र ललितपुरमा टुङ्ना, डम्फु, बाँसुरी, सारङ्गी, च्याबुरङ, ढोल(साकेला) र धिमे बाजा गरी सात बाजाको प्रशिक्षण कार्यक्रम, मधेस प्रदेशको सर्लाहीको हरिवनमा मादल र ढोलक बाजा प्रशिक्षण, प्रदेश नं.१ को सुनसरीको धरानमा मादल र साकेला ढोल बाजा प्रशिक्षण र लुम्बिनी प्रदेशको दाङको घोराहीमा थारू मादलको प्रशिक्षण गरी चार प्रदेशका पाँच स्थानमा ५ वटा प्रशिक्षण सञ्चालन गरिएको।

**च.** ३०० औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस–२०७८” का अवसरमा मिति २०७८ पुष २७ गते यस प्रज्ञा प्रतिष्ठानले सांस्कृतिक संस्थानसँगको सहकार्यमा सांस्कृतिक कार्यक्रम प्रस्तुत गरिएको ।




**३०० औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवस-२०७८ का अवसरमा आयोजित सांस्कृतिक कार्यक्रम**

**छ.** "बहुभाषिक नाट्य उत्सव–२०७९" थापागाँउ, बानेश्वर, काठमाडौं स्थित कुञ्ज थिएटरमा लिम्बु, तामाङ्ग, थारू, खस, लाप्चा, पुमा, बाम्बुले राई गरी ७ भाषाका नाटक प्रस्तुत गरी सम्पन्न गरिएको।

**ज.** लुम्बिनी प्रदेशको बुटवलमा भएको नृत्य प्रशिक्षणमा प्रदेश नं.१, मधेस प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश गरी पाँच प्रदेशका २५ जना नृत्य निर्देशक सहभागी भएका र उक्त कार्यक्रममा १२ समुदायका नाचका १२ वटा कार्यपत्र समेत प्रस्तुत गरिएको।

**झ.** International training of Voice and Speech between two countries like Nepal and India अन्तर्गत प्रशिक्षण कार्यशाला मिति २०७८ चैत्र ११ गतेदेखि १७ गतेसम्म ७ दिन देशका ११ नाट्य संस्थाहरुका २५ जना सहभागी समावेश गरेर थापागाँउ, वानेश्वर, काठमाडौं स्थित कुञ्ज थिएटरमा सम्पन्न गरिएको ।




**International training of Voice and Speech between two countries like Nepal and India.**

**ञ.** काठमाडौं उपत्यकाका थिएटरहरुमा साथै विभिन्न जिल्लाका थिएटर समुहहरुमा कलाकारिताका क्षेत्रमा कार्य गरिरहेका कलाकारहरुलाई सहभागी गराई सात दिने Workshop (Sound, Light and Direction) कालिकास्थान, काठमाडौं स्थित सर्वनाम थिएटरमा सम्पन्न गरिएको ।

**ट.** अन्तराष्ट्रिय सङ्गीत दिवसका (June 21, International Music Day) अवसरमा शास्त्रीय सङ्गीत उत्सव कार्यत्रmम रूसी सांस्कृतिक केन्द्र, कमलपोखरी, काठमाडौंमा आयोजना गरिएको ।




**ठ.** प्रदेश नं.१ को विर्तामोड, झापामा मिति २०७९ जेठ १४ गते शनिवार प्रदेश नं. १ का लोपोन्मुख जातिहरु मुन्डा, उराँव, विर्जा, कहरवा र किसान जातिका विभिन्न नृत्यहरुको प्रस्तुत गरी सम्पन्न ।

**ड.** नृत्य प्रशिक्षण

- लुम्बिनी प्रदेशको बुटवलमा, प्रदेश नं.१, मधेस प्रदेश, बाग्मती प्रदेश, गण्डकी प्रदेश र लुम्बिनी प्रदेश गरी पाँच प्रदेशका २५ जना नृत्य निर्देशक सहभागी साथै १२ समुदायका १२ वटा नाचका ) १२ वटा कार्यपत्र समेत प्रस्तुत गरी सम्पन्न भएको ।
- कर्णाली प्रदेशको सुर्खेतको सिम्ता गाँउपालिकामा सिंगारु नृत्यको ताल, भेषभुषा तथा शैद्धान्तिक प्रशिक्षण ४ दिन आयोजना गरीएको ।
- शास्त्रीय एवं धिमे नृत्यको ताल, भेषभुषा तथा सैद्धान्तिक प्रशिक्षण ४ दिन गण्डकी प्रदेश, तनहुँ व्यास न.पा. दमौलीमा संचालन गरिएको ।

**ढ. वृत्तचित्र निर्माणतर्फ**

- "वरिष्ठ श्रष्टा/कलाकारहरूको विस्तृत अन्तरवार्ताको छायाँकन गरी वृत्तचित्र तयार गर्ने" कार्यक्रम अन्तर्गत वरिष्ठ श्रष्टा/कलाकारहरूमध्ये वरिष्ठ नाट्यकर्मी एवम् हास्य कलाकार मदनकृष्ण श्रेष्ठको वृत्तचित्र निमार्ण सम्पन्न।
- लुम्बिनी प्रदेश, कपिलवस्तुको अवधी समुदायको लोपोन्मुख अवधी भाषामा गाइने लोक गीत (दोहोरी) को धुन सङ्कलन गरी रेकर्डिङ तथा समुदायका वारेमा परिचय सहितको वृतचित्र तयार भएको।

- राई जातिका मृत्यु संस्कारसँग सम्बद्ध गीत सङ्गीतको वृत्तचित्रसहित अध्ययन प्रदेश नं. १ को खोटाङ्ग जिल्लाको विभिन्न स्थानमा सम्पन्न साथै लिम्बु जातिका मृत्यु संस्कारसँग सम्बद्व गीत सङ्गीतको छायाङ्कन तथा उधौली पर्व/चण्डीपूर्णिमाका अवसरमा काठमाडौंको वुढानिलकण्ठमा छायाङ्कन र रेकर्डिङ पश्चात् वृत्तचित्र निर्माण कार्य सम्पन्न भएको।

**ण. छायाङ्कनतर्फ**

- लुम्बिनी प्रदेशको दाङ्ग जिल्लामा वसोवास गर्ने लोपोन्मुख चमार जातिको लोपोन्मुख लोक गीतको श्रव्यदृश्य सहित छायाङ्कन गर्ने कार्य सम्पन्न भएको।
- गण्डकी प्रदेशको कास्की जिल्ला छोरेपाटनको पौराणिक भजन कीर्तनको शुरूवातमा गाइने मङ्गलाचरण धुन सङ्कलन गरिएको।
- म्याग्दीका मगर समुदायका धार्मिक सांस्कृतिक परम्परासँग गाँसिएको भूमि पूजा गर्दा गाइने गीत (भूमिगीत) सङ्कलन गरिएको।

**त. अध्ययन, अनुसन्धान एवम् प्रकाशनतर्फ**

- लुम्बिनी प्रदेशमा प्रचलित तथा लोपोन्मुख बाजाहरूको अध्ययन अनुसन्धान कार्य सम्पन्न भएको।
- लुम्बिनी, कर्णाली र सूदुरपश्चिम प्रदेशका परम्परागत सङ्गीतको सविस्तार अभिलेखीकरण कार्य सम्पन्न भएको।
- मल्लकालिन सास्कृतिक सम्पदाको अन्वेषण अनुसन्धान सम्पन्न भएको।
- "लुम्बिनी प्रदेशका लोपोन्मुख जातिका लोक गीत तथा लोक संगीत" अनुसन्धान कार्य सम्पन्न भएको।
- प्रज्ञा प्रतिष्ठानको आर्थिक व्यवस्थानमा डा. गोविन्द आचार्यद्वारा अनुसन्धान गरिएको दाङ्गदेखि कैलालीसम्मका डगौरा थारू समुदायको अनुसन्धात्मक कृति प्रकाशन गरिएको।
- प्रज्ञा प्रतिष्ठानको आर्थिक व्यवस्थापनमा मुक्तिनाथ घिमिरेद्वारा अनुसन्धान कार्य सम्पन्न ठाडो भाका अनुसन्धात्मक कृति प्रकाशित भएको।
- प्रज्ञा प्रतिष्ठानको विभिन्न गतिविधि समेटेर 'प्राज्ञिक संसार' बुलेटिन प्रथम र दोस्रो अङ्क प्रकाशन भएको।
- सङ्गीत, नाटक तथा नृत्य विधाका विभिन्न शोधमूलक लेख रचना सहितको अर्धवार्षिक जर्नल 'रङ्गराग' एक अङ्क प्रकाशन भएको।

## १२. सांस्कृतिक संस्थान

- बुद्ध थिएटर फेस्टिवल २०२२ मा भगवान गौतम बुद्धको जीवनी र दर्शनलाई रङ्गमञ्चमार्फत प्रस्तुत गरिएको।
- गायन, बाद्यवादन, नृत्य तथा अभिनय विधामा ६ महिने प्रशिक्षण कार्य सञ्चालन गरिएको।
- लोक परम्परा र संस्कृतिमा आधारित फोटो प्रतियोगिता सञ्चालन गरिएको उक्त प्रतियोगितामा प्राप्त ३०० फोटो समावेश गरी साँस्कृतिक फोटो पुस्तक प्रकाशन तयारीमा रहेको।
- विभिन्न जातजाति एवम् समुदायमा निहित प्रस्तुतिजन्य लोकभाका संकलन तथा रेकर्डिङ्ग गरिएको।
- किरात राई समुदायमा प्रचलित साकेला नृत्यमा प्रस्तुति र सोको महत्त्व बारेमा कार्यपत्र प्रस्तुत गरिएको।
- उपन्यास "एक चिहान" लाई नाट्यकरण गरी मञ्चन गरिएको।

# विकास समितिहरू

## १३. बौद्ध दर्शन प्रवर्द्धन तथा गुम्बा विकास समिति

- समितिको आर्थिक वर्ष २०७८/७९ को भौतिक प्रगति ९६% र वित्तीय प्रगतिः ९१.९३% रहेको छ।
- गुम्बा/विहारहरूलाई आर्थिक अनुदानतर्फ ३१ जिल्लाका ६८ वटा गुम्बा/विहारहरूलाई मर्मत सम्भारकालागि आर्थिक अनुदान प्रदान गरिएको।
- काठमाडौं जिल्ला, टोखा नगरपालिका वडा नं. १ साविक झोर महाकाल गा.वि.स. वडा नं. ६ अन्तर्गत रहेको शिवपुरी डाँडाको खाली जग्गामा संघमा केन्द्रीय गुम्बाका लागि र नुवाकोट जिल्ला, पञ्चकन्या गा.पा. वडा नं.२, कविलासमा अवस्थित चाङखला लाथोकमा प्रादेशिक केन्द्रीय गुम्बा निर्माणका लागि सम्भाव्यता अध्ययन तथा विस्तृत गुरूयोजना तयार गरिएको।
- गुम्बा शिक्षा पठनपाठन भइरहेका गुम्बा विद्यालयहरूलाई निःशुल्क रूपमा वितरण गरिने भोट भाषाका कक्षा ११ का (भोट भाषा, बौद्ध शिक्षा, बौद्ध दर्शन) पुस्तकहरू खरिद गरिएको। समितिको वार्षिक प्रतिवेदन प्रकाशन गरिएको।
- काभ्रेपलाञ्चोक जिल्लामा १ (एक) महिने थाङ्का लेखन तालिम सम्पन्न भएको।



**थाङ्का लेखन तालिममा सहभागी प्रशिक्षार्थीहरु**

- काठमाडौं जिल्लामा १(एक) महिने मूर्ति निर्माण तालिम सम्पन्न भएको।



- ताप्लेजुङ जिल्लामा १५(पन्ध्र) दिने सोवा रिग्पा (आम्ची) तालिम सम्पन्न भएको।
- आनीहरूलाई सामाजिक गतिविधिहरूमा सरिक गराउन काठमाडौं जिल्लामा २(दुई) दिने गोष्ठी तथा कार्यशाला गोष्ठी सम्पन्न भएको।
- १८ जिल्लाका गुम्बा/विहारका व्यवस्थापन समितिका पदाधिकारी/प्रमुख लामा/लामा/आनीहरू ४७ (सर्टचालीस) जनालाई काठमाडौं जिल्लामा २ (दुई) दिने गुम्बा व्यवस्थापन तालिम दिइएको।
- ११ जिल्लाका गुम्बा/विहारका व्यवस्थापन समितिका पदाधिकारी/प्रमुख लामा/लामा/आनीहरू ४१ (एकचालीस) जनालाई २ (दुई) दिने तालिम दिइएको।
- भोट भाषामा लेखिएको बौद्ध धर्मको धार्मिक पुस्तक दैनिक पूजा विधि (ग्युन ख्येरी छयोज्यो) भोट भाषाबाट नेपाली भाषामा अनुवाद गरिएको।
- धादिङ जिल्ला, साविक खनियावास गा.पा. वडा नं. २ मा अवस्थित गुरू पद्मसम्भवले सिद्धि प्राप्त गरेको/अलप भएको प्राचीन धार्मिक तीर्थस्थल सिङ्लाको वृत्तचित्र निर्माण भई राष्ट्रिय टेलिभिजनहरूबाट प्रशारण गरिएको।
- समितिमा दर्ता भएका नुवाकोट जिल्लामा अवस्थित १०० वर्ष पुराना गुम्बा/विहारहरूको वर्गीकरण गरिएको।
- लुम्बिनी बौद्ध विश्वविद्यालयमा भोट बुद्धिजममा स्नातक तहमा अध्ययनरत ९(नौ) जना विद्यार्थीहरूलाई ८ सेमेष्टर सम्म अध्ययन गर्नका लागि छात्रवृत्ति प्रदान गरिएको।
- रामेछाप जिल्ला, सुनापति गा.पा. वडा नं. ३ मा अवस्थत शेरपलिङ महायान बौद्ध धर्म अध्ययन केन्द्र गुम्बामा २ (दुई) दिने प्रवचन कार्यक्रम सम्पन्न गरिएको।
- मकवानपुर जिल्ला, मनहरी गा.पा. वडा नं. ८ मा अवस्थत टाशी फुन्छोग छयोईलिङ गुम्बामा २ (दुई) दिने धर्मदेशना (प्रवचन) कार्यक्रम सम्पन्न गरिएको।
- १० जिल्लाका ३० जना लामाहरूलाई मुस्ताङ, म्याग्दी तथा कास्की जिल्लाहरूमा अवस्थित प्राचीन, पुरातात्विक, ऐतिहासिक, धार्मिक, साँस्कृतिक तथा पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण धार्मिक तीर्थस्थल तथा गुम्बा/विहारहरूको ८ (आठ) दिने ४४ औ बौद्ध दर्शन अध्ययन भ्रमण सम्पन्न गरिएको।
- गुम्बा विहार शिक्षा कार्यक्रम अन्तर्गत ६ जिल्लाका ६ वटा गुम्बा विद्यालयलाई स्टेशनरी, फर्निचर लगायत खरिद गर्न अनुदान दिइएको।
- शास्त्रीय र आध्यात्मिक तिथि मिति सहितको बौद्ध पात्रो तथा एप्स निर्माण गरिएको।
- नुवाकोट जिल्लाको कविलासमा अवस्थित चाङ्खलायि लाथोग, देवीघाटमा अवस्थित छावाछासो, काभ्रेपलाञ्चोक जिल्लाको तेमालमा अवस्थित तेमाल यारीनाग र सिन्धुपाल्चोक जिल्लामा अवस्थित ने पेमाछाल बौद्ध तीर्थस्थल (भेयुल) हरूको अध्ययन/अनुसन्धान गरिएको।
- ईलाम जिल्ला, सूर्योदय नगरपालिकामा अवस्थित चित्रे गुम्बाको खोज, अध्ययन/अनुसन्धान गरिएको।
- त्रिभुवन विश्वविद्यालय, बौद्ध अध्ययन केन्द्रीय विभागका उप प्राध्यापक तथा सोही संकायको स्नातकोत्तर दोस्रो तथा चौथो तहमा अध्ययनरत विद्यार्थीहरूलाई लुम्बिनीमा अवस्थित बौद्ध धार्मिक तीर्थस्थल (रोहणी नदि, तिलौराकोट दरवार, कुदान, गोटिहवा, सागरहवा, रामग्राम, जगदिशपुर ताल, भारतको पिप्रहवा, सुर्खेत जिल्लामा अवस्थित कांक्रेविहार) लगायतका तीर्थस्थलहरूको अध्ययन/अवलोकन भ्रमण गरिएको।

- २५६६ औं बुद्ध जयन्ती विविध कार्यक्रम गरी काठमाडौंमा सम्पन्न गरिएको।



**२५६६ औं बुद्ध जयन्तीको अवसरमा सरिक बौद्धधर्मावलम्वीहरू**

## १४. पाथिभरा क्षेत्र विकास समिति

- फुरूम्बु - पाथिभरा ९९० मिटर पदमार्ग निर्माण भएको।
- सिकैचा - पाथिभरा ९१५.९० मिटर पदमार्ग निर्माण भएको।
- फावाखोला - पाथिभरा ४८६ मिटर पदमार्ग निर्माण भएको।
- ६४.३१ वर्गमिटर क्षेत्रफल ओगटेको पाथिभरा ध्यान केन्द्र निर्माण भएको।




**पाथिभरा ध्यान केन्द्र**

- ९ वर्गमिटर क्षेत्रफल ओगटेको शौचालय तथा स्नान घरको निर्माण भएको।
- पाथिभरा पदमार्गमा ३९५.२५ वर्गमिटर ट्रस निर्माण भएको।



**पाथिभरा ट्रस निर्माण**

- पाथिभरा पदमार्गमा ५४८ मिटर रेलिङ निर्माण भएको।

## १५. बृहत्तर बराह क्षेत्र विकास समिति

- उदयपुर जिल्लाको बेलका नगरपालिका वडा नं. ७ मा मैनाराजा मैनारानी मन्दिर परिसरमा आगन्तुकको सुविधाको लागि प्रतिक्षालय निर्माण गरेको।
- धनकुटा जिल्लाको साँगुरीगढी गाउँपालिका वडा नं. १० त्रिवेणीधाममा धर्मशाला निर्माण गरिएको।
- सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका वडा नं. १ बराहक्षेत्र मन्दिर परिसरमा पार्क निर्माण गरिएको।
- सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका वडा नं. १ चतराधाममा १०८ फुट अग्लो किराँतेश्वर मन्दिर निर्माण कार्य क्रमिक रूपमा अगाडि बढाइएको।
- सुनसरी जिल्लाको बराहक्षेत्र नगरपालिका वडा नं. १ कुम्भमेला लाग्ने आसपासमा धार्मिक पर्यटन विकासको लागि झोलुङ्गे पुलको डि.पि.आर. तयार गरेको साथै उक्त कार्यका लागि प्रदेश सरकारले वजेट विनियोजन गरेको।
- बराहक्षेत्र मन्दिर प्रमुख धार्मिक स्थल भएकोले स्थानीय सङ्घसंस्था, स्थानीय जनप्रतिनिधि लगायतको उपस्थितिमा समय समयमा सरसफाई अभियान चलाइएको।

## १६. हलेसी महादेवस्थान विकास समिति

- हलेसी मन्दिर परिक्रममा पदमार्ग सिढीमा वाल सहित ढुङ्गा विछ्याउने र स्तरोन्नति कार्य बसाहा गुफाबाट स्तुपा माथिघुम्तीसम्म निर्माण कार्य सम्पन्न।
- बसाहा गुफा भित्रको पदमार्ग निर्माण र ढुङ्गा विछ्याउने योजना सम्पन्न।
- ससेश्वर महादेव गुफा (बुक्टो) को प्राँगणका लागि वाल निर्माण सम्पन्न।
- ताराखसे किराँतेश्वर महादेव गुफा र च्यास्मीटार सलेवापार्क पर्यटन पदमार्ग निर्माण सम्पन्न।
- हलेसी मन्दिरको रिठ्ठाबोटे नजिक रेलिङ तथा विश्रामस्थल निर्माण कार्य सम्पन्न।
- जयराम घाट धार्मिक पर्यटकीय क्षेत्रको डि.पी.आर निर्माण शुरू र सेवातुङ किराँत भवन निर्माण।
- कर्मेश्वर महादेव गुफा हैदेमा संरक्षण र निर्माण कार्य सम्पन्न।

## १७. तारागाउँ विकास समिति

- थारू सामुदायिक होमस्टे सप्तरी, बोटे सामुदायिक होमस्टे चितवन, शिसवार बोटे माझी सामुदायिक होमस्टे नवलपुर, मालागिरी सामुदायिक होमस्टे कास्की, ओममणी पेमा सामुदायिक होमस्टे रामेछाप र चिसापानी सामुदायिक होमस्टे कास्की जिल्लामा साँस्कृतिक सङ्ग्रहालय स्थापना गर्न सहयोग कार्यक्रम संचालन गरी सम्पन्न गरिएको छ ।
- होमस्टे सम्बन्धी जनचेतनामूलक कार्यक्रम मार्फत देशका बिभिन्न १५ वटा होमस्टेको सम्भावना बोकेका गाउँहरुका ६०० जना स्थानीय व्यक्तिहरूलाई होमस्टे पर्यटन, अतिथि सत्कार, स्वास्थ्य र सरसफाई लगायतका विषयमा जानकारी प्रदान गरिएको छ।
- दामन पालुङ्ग सामुदायिक होमस्टे मकवानपुर, गुम्बा डाँडा सामुदायिक होमस्टे ताप्लेजुङ्ग, गुवाबारी सामुदायिक होमस्टे संखुवासभा, बोखिम सामुदायिक होमस्टे भोजपुर, हेलम्बु सामुदायिक होमस्टे सिन्धुपाल्चोक, तपेश्वरी सामुदायिक होमस्टे उदयपुर तथा प्रकृति र संस्कृति सामुदायिक होमस्टे नवलपुरलाई सामुदायिक भवन निर्माण सहयोग प्रदान गरिएको छ।
- देशका बिभिन्न २० वटा सामुदायिक होमस्टेका पुरूष १५१ र महिला ५०० गरी जम्मा ६५१ जना संचालकहरु समेतलाई समेटी चार दिवसीय होमस्टे पर्यटन विकास सम्वन्धी आधारभूत तालिम कार्यक्रम सञ्चालन गरी सम्पन्न गरिएको छ। उक्त तालिममा होमस्टे सञ्चालनको लागि इच्छुक व्यक्तिहरूलाई पर्यटन, होमस्टे पर्यटनको व्यवस्थापन सञ्चालन, मापदण्ड, अतिथि सत्कार, हाउस किपिङ्ग, स्वास्थ्य र सरसफाई लगायतका विषयमा तालिम प्रदान गरिएको छ।

## १८. बौद्धनाथ क्षेत्र विकास समिति

- सडक बत्ती जडान कार्य गरिएको।
- आनन्दपुरमा सि.सि. क्यामरा जडान गरिएको।
- ग्योईलिसाङ र केब्स मार्गमा ढुङ्गा विछ्याउने कार्य गरिएको।
- नाम्याल ज्याङछसप छ्योलिङ गुम्बामा सेनेटरी वाल र फिटिङ्ग गर्ने कार्य गरिएको।
- बुद्ध भगवानको मूर्ति तथा मन्दिर निर्माण सम्बन्धी कार्य गरिएको।
- सिमलचौर मार्गमा बाटो ढलान कार्य गरिएको।
- बौद्ध धर्म चक्रदीप गुम्बा र गजुर आधार निर्माण कार्य गरिएको।

## १९. मनकामना क्षेत्र विकास समिति

- फूलबारी घेराबार तथा दर्शनार्थीहरू लाइनमा जाने सिंढी निर्माण गरिएको।
- भुजाघर (पूजाघर) निर्माण कार्य पुरा भई माता मनकामनाको लागि भुजा पकाउने कार्य भैरहेको छ भने छानो लगाउने काम केही दिन भित्र सकिनेछ।
- बृहत्तर गुरूयोजना अन्तर्गत सार्वजनिक शौचालय तथा स्नानगृह निमार्ण कार्य सम्पन्न भई प्रयोगमा ल्याइएको छ र रंगरोगनको काम अन्तिम अवस्थामा रहेको छ।
- परेवापाटी (कार्यालय भवन) निर्माण कार्य प्रारम्भ भएको छ।

- केवलकारदेखि मनकामना मन्दिरसम्म लगभग १०० वटा सिंढीहरू चढ्नको लागि अपाङ्ता भएका व्यक्ति र वृद्धवृद्धाहरूलाई ज्यादै समस्या थियो। त्यसैले स्टीलका रेलिङहरू जडान गर्ने कार्य प्रारम्भ भएको छ।
- २०७७ पुस २५ गते मनकामना क्षेत्रको वृहत्तर गुरूयोजना पारित गरी मन्त्रालयमा स्वीकृतिको लागि पठाइएको छ।

## २०. देवघाट क्षेत्र विकास समिति

- मणिमुकुन्देश्वर धार्मिक उद्यान पार्क सौन्दर्यीकरण कार्य गरिएको।
- पर्यटन पूर्वाधार (व्यावसायिक भवन) निर्माण कार्य गरिएको।
- मौलाकालिका सिंढीमार्ग निर्माण कार्य गरिएको।
- धार्मिक मार्ग निर्माण एवम् ढुङ्गा विछ्याउने कार्य गरिएको।
- दाहसंस्कार स्थलमा भौतिक पूर्वाधार निर्माण कार्य गरिएको।
- पर्यटन सूचना केन्द्रको निर्माण कार्य गरिएको।
- धार्मिक मेला व्यवस्थापन सम्बन्धी कार्य गरिएको।
- हनुमान मन्दिर सिंढी मार्ग निर्माण कार्य गरिएको।

## २१. नेपाल पञ्चाङ्ग निर्णायक समिति

- पञ्चाङ्ग प्रकाशन गर्न चाहने पञ्चाकारहरूले यस समितिमा पेश गरेको पञ्चाङ्गको खेस्रा प्रति अध्ययन गरी पञ्चाङ्ग एकरूपता र समावेशिता ल्याउने, पञ्चाङ्गमा उठेका विवादहरूको अन्त्य गरी पञ्चाकारहरूलाई पञ्चाङ्ग प्रकाशनको अनुमति दिने कार्य गरिएको।
- नेपाल सरकारका विभिन्न निकाय गृह मन्त्रालय, नेपाली सेना, नेपाल प्रहरी, गुठी संस्थान आदिलाई चाडपर्व आदिका विवरण तयार गरी आवश्यकतानुसार उपलब्ध गराइएको।
- विभिन्न मुहूर्तहरू (साइत) को निर्णय गरी सम्बन्धित निकायलाई उपलब्ध गराइएको।
- नेपाल सरकारलाई बार्षिक रूपमा सार्वजनिक विदाको लागि आवश्यक पर्ने विभिन्न चाडपर्व, दिवस जात्रा जयन्ती आदीको विवरण तयार गरी गृह मन्त्रालयलाई उपलब्ध गराइएको र सोही विवरणका आधारमा सरकारद्वारा सार्वजनिक बिदाको निर्णय भएको।
- विभिन्न चाडपर्वहरू र विवाह, व्रतबन्ध आदि मुहूर्तहरूको निर्णय गरी सम्पूर्ण नेपाली जनताहरूले गर्ने धार्मिक र सामाजिक कार्य लाई सहज बनाइयो।
- ज्योतिषशास्त्र र कर्मकाण्डसम्बन्धी व्यवहारोपयोगी तालिम/प्रशिक्षण दिई उक्त विषयमा सक्षम जनशक्ति उत्पादन गर्ने कार्य गरियो। यस कार्यलाई प्रत्येक वर्ष निरन्तरता दिइनेछ।
- सरकारी निकायबाट सरकारी कामकाजलाई समेत आवश्यक पर्ने पञ्चाङ्ग पात्रो प्रकाशन हुन नसकेको अवस्थामा नेपाल सरकार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिको नामबाट नेपाल राष्ट्रका लागि वि.स. २०७९ सालको राष्ट्रिय पञ्चाङ्ग नामक पात्रो प्रकाशन गरिएको।
- विभिन्न विधाका विद्वान तथा विज्ञहरूद्वारा ज्योतिष शास्त्र, धर्मशास्त्र, तन्त्र शास्त्रसम्बन्धी विभिन्न विषयमा उठेको जिज्ञासाको समाधान तथा भ्रमहरूको निवारण गर्न विभिन्न मितिहरूमा गोष्ठी तथा छलफल कार्यक्रम आयोजना गरिएको।

- नेपालमा प्रकाशन गरिने पात्रो, भित्ते पात्रोहरूलाई स्वीकृति दिई नियमन गर्ने कार्यको सुरुवात गरिएको। यस कार्यलाई कार्यविधि बनाई निरन्तरता दिइनेछ।

## २२. नारायणहिटी दरबार सङ्ग्रहालय तथा गणतन्त्र स्मारक व्यवस्थापन तथा सञ्चालन विकास समिति

- राजा महेन्द्र र त्रिभुवनले प्रयोग गर्नु भएको ३(तीन) वटा पुराना गाडीहरू र ग्यारेज समेत मर्मत गरी प्रदर्शनीमा ल्याइएको।
- नारायणहिटी दरबार संग्रहालयको मुख्यद्वारको दायाँ बायाँमा रहेको संरचना घरहरू लगायतको पर्खालमा रंग रोगन तथा अवलोकनकर्ताहरूको लागि नयाँ शौचालय निर्माण कार्य सम्पन्न।
- संग्रहालय परिसरमा रहेका बिजुली बत्तीहरू नयाँ थप र पुरानो बत्ती मर्मत गरी संग्रहालय परिसरलाई थप आकर्षक बनाइएको।
- मंगल सदनको छत मर्मत गरी रंगरोगन गरेको तथा संग्रहालयको भित्री परिसरको पर्खालमा रंगरोगन गरेको।
- ढुंगेधारा १४ (चौध) वटा मर्मत गरी सञ्चालनमा ल्याइएको।
- संग्रहालय परिसरमा रहेका बोटविरूवाहरू लेवलिङ गरी फोहरा बगैंचा, त्रिभुवन सदन बगैंचाको मर्मत गरी थप सौन्दर्यीकरण गरिएको र बगैंचामा रहेका स-साना ६ वटा पोखरीहरूको मर्मत गरिएको।
- त्रिभुवन सदनमा रहेको टहरा मर्मत गरी श्रीपेच सूरक्षाका लागि खटि आएका सुरक्षाकर्मीहरूको लागि आवासीय व्यवस्था मिलाइएको।
- नारायणहिटी दरबार संग्रहालयको Website निर्माण ब्रोशियर अद्यावधिक गरी प्रकाशन गरिएको।
- नारायणहिटी दरबार संग्रहालयमा रहेका सामग्रीहरूको अभिलेखलाई थप व्यवस्थित गर्न Software निर्माण गरी डिजिटल इन्भेन्ट्री शुरूवात गरिएको।
- राजपरिवारका विभिन्न कार्यक्रमहरूका पुराना फोटो नगेटिभहरूको डिजिटाइज गरिएको।
- प्रहरी पोष्ट थप नयाँ निर्माण तथा पुराना मर्मत गरिएको।
- इ-टिकेटिङको लागि Software निर्माण कार्य गरिएको।

## पर्यटन क्षेत्र

- प्रदेशमा हस्तान्तरण भएका पर्यटन सम्बन्धी जिम्मेवारी कार्यान्वयनको सम्बन्धमा सम्बद्ध निकाय तथा पर्यटन व्यवसायीहरूसँग अनुभव आदान प्रदान एवम् अन्तर्क्रिया कार्यक्रम प्रदेश नं.१, सुदूरपश्चिम प्रदेश र कर्णाली प्रदेशमा सञ्चालन गरिएको।
- आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धमा क्यासिनो व्यवसायी एवम् क्यासिनोमा कार्यरत जनशक्तिलाई प्रशिक्षण तथा अन्तर्क्रिया कार्यक्रम सञ्चालन गरिएको।
- कोभिड-१९ सङ्क्रमण जोखिम नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्बन्धी कार्यविधि, २०७८ को अनुसूची-१ बमोजिम कार्यान्वयन अन्तर्गतका क्षेत्र/क्रियाकलापका आधारमा तयार गरिएको लकडाउनको प्रकृति अनुसार स्वास्थ्य मापदण्डको पालना गर्ने क्षेत्र/उपक्षेत्र/क्रियाकलापहरू तयार गरी कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्रमा पठाई कार्यान्वयन गरिएको।
- हिमाल आरोहणको लस्कर मार्गमा डोरी टाँग्ने (रोप फिक्सिंग) सम्बन्धी निर्देशिका, २०७८ तयार गरी यस मन्त्रालयको (मा. मन्त्रीस्तर) मिति २०७८/१२/२४ गतेको निर्णयानुसार निर्देशिका उपर सहमतिको लागि कानून, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।

- आर्थिक वर्ष २०७८/२०७९ को बजेट वक्तव्यको बुँदा नं. ६६ मा घोषणा भए बमोजिमको व्यवस्था कार्यान्वयनको लागि तयार गरिएको पर्यटन काज निर्देशिका, २०७८ राय सुझावको लागि अर्थ मन्त्रालयमा पठाइएको।
- नेपाल भ्रमण गर्ने विदेशी पर्यटकको लागि यात्रु बीमा निर्देशिका, २०७९ को मस्यौदा तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनार्थ आवश्यक सहमतिको लागि कानुन, न्याय तथा संसदीय मामिला मन्त्रालयमा पठाइएको।
- पर्वतारोहण सम्बन्धी (छैटौं संशोधन) नियमावली, २०७८ मस्यौदा तयार गरि एको।
- पर्यटन क्षेत्रको पुनरूत्थान सम्बन्धमा पर्यटन क्षेत्र पुनरूत्थान निर्देशक समिति र प्राविधिक समिति गठन भएको र प्रावधिक समितिले पुनरूत्थान सम्बन्धी प्रतिवेदन पेश गरेको।
- Inbound Visitors (Tourist) का निम्ति Comprehensive Travel Medical Insurance सम्बन्धी कार्यविधि तयार गरी मन्त्रिपरिषद्मा पेश गर्ने प्रयोजनार्थ राय/परामर्शको लागि अर्थ मन्त्रालयमा पठाइएको।
- पर्यटन क्षेत्र समेटिएको Nepal Tourism Statistics 2021 & Nepal Tourism Fact 2021 तयार तथा प्रकाशन।
- आर्थिक सर्वेक्षणको लागि पर्यटन क्षेत्र सम्बन्धी प्रतिवेदन तयारी कार्य।
- होमस्टे तथ्याङ्क एपको कार्यान्वयनका लागि अन्तर्क्रिया कार्यक्रम सम्पादन प्रदेश नं. १ धनकुटा, बागमती प्रदेश चित्लाङ्ग, गण्डकी प्रदेश सिरूवारी स्याङ्जा र कर्णाली प्रदेश रारा सामुदायिक होमस्टेमा सञ्चालन गरिएको।
- लुम्बिनी विकास कोषको कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७८ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस भएको।
- तारागाउँ विकास समितिको कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७८ स्वीकृतिका लागि मन्त्रिपरिषद्मा पेस भएको,
- नेपाल पर्यटन बोर्डको कर्मचारी सेवा, शर्त तथा सुविधा सम्बन्धी विनियमावली, २०७८ स्वीकृतिको चरणमा रहेको।
- पर्यटन उपज तथा पर्यटन पूर्वाधार साझेदारी कार्यक्रम सञ्चालनमा रहेका १८१ वटा स्थानीय तहमा पहिलो किस्ता बापत रू.६१,१९,७४,५८१।- निकासा भएको, दोस्रो किस्तातर्फ १८१ मध्येबाट २३ वटा स्थानीय तहलाई रू.७,७७,०३,३००।- निकासा भएको, हालसम्म जम्मा रू.६८,९६,७७,८८१।- निकासा भएको।

## २३. पर्यटन विभाग

**पर्वतारोहणतर्फः**

चालु आर्थिक वर्षमा पर्वतारोहण कार्यका लागि १३१ वटा पर्वतारोहण दलका ९८६ जनाले अनुमति लिएको। जसमध्ये सगरमाथा आरोहण ३२५ जना र अन्य हिमाल १३३ जनाले गरी जम्मा संख्या ४५८ जना आरोहीले सफलता प्राप्त गरेको।

**होटल तथा अनुगमनतर्फ :**

- होटल संख्या १७०, रिसोर्ट संख्या ११८, हेरिटेज ५ र क्यासिनो संख्या २६ दर्ता भएको।
- ५ तारा होटल संख्या १७, ५ तारा डिलक्स होटल संख्या १
- ४ तारा होटल संख्या ३१
- ३ तारा होटल संख्या ३७

- २ तारा होटल संख्या ४६
- १ तारा होटल संख्या ३८
- कुल रोयल्टी जम्मा रू ९३,६८,३५,०००।- आषाढ मसान्तसम्म संकलन भएको।

**पर्यटकीय पूर्वाधार निर्माण कार्यतर्फः**

- उपत्यका वरिपरिका हाइकिङ्ग रूटहरूको स्तरोन्नति तथा सौन्दर्यीकरण १० कि.मी. सम्पन्न भएको।
- पोखरा वरिपरिको राउण्ड ट्रेल कास्कीकोट ५ कि.मी. सम्पन्न गरिएको।
- कास्की पर्वत स्याङ्गजाको पञ्चासे क्षेत्रमा पदमार्ग तथा सौन्दर्यीकरण गरिएको।
- सिन्धुपाल्चोक हेलम्बु हिमालयन ग्रेट ट्रेलको २ कि.मि. निर्माण कार्य सम्पन्न भएको।
- धनुषाधाम क्षेत्र सौन्दर्यीकरण।
- कैलालीको घोडा घोडी ताल क्षेत्र सौन्दर्यीकरण।
- रामेछापको सुनापती अग्लेश्वर शैलुङ पदमार्ग निर्माण सुधार १० कि.मि. सम्पन्न।
- इलाम माइपोखरी धाप पोखरीदेखि सन्दकपुरसम्म जाने पदमार्ग तथा सौन्दर्यीकरण।
- गोरखा जिल्लाको रूपिनाला मनास्लु जाने पदमार्ग १५ कि.मि. सम्पन्न गरिएको।
- काभ्रे महाभारत पदमार्ग स्तोरन्नति तथा सौन्दर्यीकरण।
- ग्रेट हिमालयन ट्रेल अन्तर्गतको खारे-सोतली-च्छो-रोल्पा पदमार्ग १६ कि.मी. निर्माण कार्य सम्पन्न भएको।
- मुस्ताङ्ग जिल्लाको दामोदरकुण्ड जाने ट्रेल ७ कि.मी. सम्पन्न गरिएको।
- गत आर्थिक वर्षमा नारायणी नदी छेउमा walkway सहितको पर्यटकीय पूर्वाधार निर्माण कार्य शुरू गरिएको कार्तिक मसान्तसम्ममा सम्पन्न हुने।
- ग्रेट हिमालयन ट्रेल अन्तर्गतको धादिङ-रूवीभ्याली पदमार्ग १५ कि.मि. निर्माण कार्य सम्पन्न गरिएको।

# २४. नेपाल पर्यटन बोर्ड

## क. पर्यटन बजार व्यवस्थापन तथा प्रवर्द्धनतर्फ

- नेपालका पर्यटकीय आर्कषणहरूलाई अन्तर्राष्ट्रिय पर्यटन बजारमा प्रवर्द्धन गर्न भौतिक रूपमा आयोजना गरिएका विश्वका ठूला र महत्वपूर्ण पर्यटन मेलाहरू जस्तै बेलायतमा आयोजना भएको World Travel Market, स्पेनको म्याड्रिडमा आयोजना गरिएको FITUR, भारतमा आयोजना गरिएको पर्यटन मेला SATTE 2022-Delhi, Outbound Travel Mart (OTM 2022) Mumbai, 4th International Buddhist Travel Mart (IBTM)-Bodhgaya र Bengal Travel Mart सिलिगुडीमा नेपालका निजी क्षेत्रका पर्यटन व्यवसायी कम्पनीहरू सहित सहभागी भई नेपालको पर्यटन प्रवर्द्धन गरिएको।
- अन्तर्राष्ट्रिय टुर अपरेटरहरू र नेपालका पर्यटन व्यवसायीहरूबीच Business to Business (B2B) सम्पर्क स्थापना गरी नेपालको भ्रमण प्याकेजहरू प्रवर्द्धन गर्नुका साथै टुर अपरेटर र सञ्चारकर्मीहरूलाई नेपालको पर्यटन आकर्षण तथा गतिविधिहरू सम्बन्धी जानकारी प्रदान गर्न Bangladesh-Nepal Tourism Promotion and B2B Exchange program, श्रीलंकाको कोलम्बो र बंगलादेशको ढाकामा सेल्स मिसनका कार्यक्रम आयोजना गरिएको।
- कोभिड १९ महामारीबीच पनि नेपालका विविध पर्यटकीय सम्पदा तथा गतिविधिहरूको प्रवर्द्धन गर्न Virtual रूपमा महत्वपूर्ण पर्यटन मेला र कार्यक्रमहरू जस्तै ITB Berlin 2022, PATA Travel Mart 2021, virtual conference SATTE GenX 2021, Guangzhou International Travel Fair (GITF) 2021, China मा सहभागिता जनाएको। साथै चीनमा अत्याधिक प्रयोग हुने तथा लोकप्रिय

Social Media Platform, WeChat मा NTB WeChat Account मार्फत प्रवर्द्धनात्मक एवम् सन्देशमूलक सूचना, भिडियो, फोटो लगायतका सामग्रीहरू निरन्तर सम्प्रेषण गरिएको।

- कोभिड-१९ महामारीका कारण प्रभावित बनेको नेपालको आन्तरिक पर्यटनलाई पुनर्ताजगीकरण गरी यसलाई पूर्ववतरूपमा फर्काउने उद्देश्यले Branding of Recovery Campaign "Nepal Awaits" र Corporate Partnership अन्तर्गत पर्यटन प्रवर्द्धन गर्न K Films Pvt. Ltd सँगको सहकार्यमा Everest Fashion Runway 2021, Season-2, नेपाल गल्फ एसोसिएसनसंगको सहकार्यमा Tourism Cup Golf Tournament, Rotary Club, Jyoti Life र KGH Foundation The Amazing Motor Rally 2022-Kathmandu-Gorkha-Pokhara, Everest Premier League सँगको सहकार्यमा Everest Premier League, Himalayan Sports Management Pvt. Ltd. सँगको सहकार्यमा 1st Indoor Corporate League, Siddhartha Arts Foundation सँगको सहकार्यमा Kathmandu Triennale 2021, PATA Nepal Chapter सँगको सहकार्यमा Nepal-Bangladesh Tourism Promotion & B2B Exchange जस्ता कार्यक्रम विभिन्न संघ संस्थाहरूसँग सहकार्य गर्दै पर्यटन प्रवर्द्धन गरिएको।
- प्रदेशस्तरीय पर्यटन व्यवसायीहरूको व्यवसायिक विकास, विस्तार र अन्तर्राष्ट्रिय स्रोत बजारका टुर अपरेटरहरूसँग व्यवसायिक सम्बन्ध स्थापित गर्न प्रदेश सरकारसँगको साझेदारीमा आयोजना गरिएको 'प्रादेशिक ट्राभल मार्ट Western Travel Mart-Nepalgunj, East Tourism Mart-Dharan, Far West Travel Mart-Dhangadi मा भारतीय सीमावर्ती शहरका Media, Tour Operators, Buyers, Influencers हरूलाई मार्टहरूमा सहभागी गराई नेपालका गन्तव्यहरूको प्रवर्द्धन गर्न FAM Trip आयोजना गरिएको।

**आर्थिक वर्ष २०७८/७९ को समग्र बजेट तथा कार्यक्रम कार्यान्वयनको समीक्षा देहाय बमोजिम प्रस्तुत गरिएको छ:**

**ख. जनसम्पर्क तथा प्रचार-प्रसारका कार्यक्रमतर्फ**

- बोर्डको वार्षिक गतिविधिहरू समेटिएको पुस्तक INFOCUS 2021, वार्षिक टेबल क्यालेन्डर २०७९, Religious & Spiritual Circuits Nepal India नामक Coffee Table Book, Nepal: A journey from East to West नामक Coffee Table Book, दोलखा जिल्लाको प्रर्वद्धनात्मक ब्रोस्योर प्रकाशन, बोर्डका प्रर्वद्धनात्मक सामग्रीहरू समयसापेक्ष अद्यावधिक गरी डिजिटल स्वरूपमा बोर्डको वेभसाइटमा राखिएको छ।
- विभिन्न Influencer हरू जस्तै UK Masterchef : The Professionals का उप विजेता नेपाली सेलिब्रटी सेफ सन्तोष साह लगायत विजेताहरू, २०२१ इन्डियन आइडलका विजेता श्री पवनदिप मार्फत नेपालको पर्यटन प्रर्वद्धनका लागि पवनदिप, भारतको चर्चित युट्युबर श्री प्रियन्का चन्दोला, मिस नेपाल सन् २०२०/२१ नम्रता श्रेष्ठ, चर्चित योगगुरू स्वामी रामदेव तथा प्रसिद्ध गिनिज World Record Holder निम्स पुर्जासँग सहकार्य गरिएको छ।
- नेपालको पर्यटनबारे समाचार सूचना तथा मिल्दो खबरहरू नियमित रूपमा ई-न्यूजलेटर प्रेषित गरिएको छ।
- प्रसिद्ध युक्रेनी टिभी सो हेड एण्ड टेलका क्रु लाई नेपाल भ्रमणमा सहकार्य, World Vlog Challange प्रतियोगिताका Vloggers लाई सगरमाथा आधार शिविरसम्म परिचयात्मक भ्रमण, नेदरल्यान्डसबाट पत्रकार तथा फोटोपत्रकार सहितको टोलीलाई मुस्ताङ क्षेत्रको परिचयात्मक भ्रमण, भारतीय फिल्मिङ

कम्पनी मिटु फिल्मसका टोलीलाई नेपालका विभिन्न पर्यटकीय गन्तव्यहरूको परिचयात्मक भ्रमण गरिएको छ।

### ग. अनुसन्धान, योजना तथा अनुगमनतर्फ

- गत आर्थिक वर्ष २०७७/०७८ देखि निरन्तर रूपमा त्रिभुवन विश्वविद्यालयसँगको समन्वयमा सञ्चालनमा रहेको Development of Digital Database (GIS) परियोजनाको यस आर्थिक वर्ष २०७८/०७९ मा भौतिक प्रगति शत प्रतिशत हासिल गरी परियोजना सम्पन्न भई Digital Database सहित डाटा प्रणाली स्थापना गरिएको छ।
- अध्यागमन विभागसँगको सहकार्यमा मासिक रूपमा पर्यटक आगमनको तथ्याङ्क संकलन र सम्प्रेषण गर्ने कार्य निरन्तर रूपमा सम्पन्न भएको छ। नेपालको एतिहासिक पर्यटन प्रवर्द्धन तथा विकास गर्नको लागि नेपाली सेनासँगको सहकार्यमा नेपालको सुदूरपश्चिम क्षेत्रमा एकीकरण मार्ग पहिचान गर्न डडेल्धुरा जिल्लाको अमरगढीदेखि खसडसम्मको एकीकृत मार्गको अध्ययन सम्पन्न भएको छ। साथै नेपाली सेनाद्वारा सञ्चालित सफा हिमाल अभियान, २०२२ मा संस्थागत सहकार्य गरिएको छ। नेपाली सेनासँगको सहकार्यमा मित्रराष्ट्र नाइजेरियको National Defense College मा सञ्चालित National Defense Course मा सहभागीहरूलाई नेपालको पर्यटनको समग्र अवस्थाको तथा दुई देशबीचको सिकाई आदानप्रदान गर्न बृहत अन्तरक्रिया सम्पन्न गरिएको छ। पाल्पा जिल्लाको रानीमहल क्षेत्रमा पर्यटन गतिविधिको विविधीकरण गर्नका लागि पर्यापर्यटनको अवधारणामा आधारित पर्यटन विकास गर्न एकीकृत पर्यापर्यटनको सम्भाव्यता अध्ययन सम्पन्न गरिएको छ।
- लुम्बिनी प्रदेशको चुरे क्षेत्र आसपासमा भूगर्भ परिदृश्य तथा दिगो पर्यटन सहितको Geo Tourism सम्भाव्यता अध्ययन सम्बन्धमा तथा Geo Park निर्माण गर्न अवधारणापत्रका साथै हिल स्टेसन विकासको लागि आवश्यक मापदण्ड, आवश्यक पूर्वाधार निर्माणको मापदण्ड आदि तयार गर्न अवधारणापत्र तयार गरिएको छ।
- नेपाल पर्यटन वोर्ड तथा संयुक्त राष्ट्रसंघीय विकास नियोग UNDP को संयुक्त साझेदारीमा जीविकोपार्जन पुनरूत्थानको लागि दिगो पर्यटन परियोजना (Sustainable Tourism for Livelihood Recovery Project-STLRP) सञ्चालन गर्न सहयोग तथा अनुगमन कार्यमा सहकार्य गरिएको छ। साथै WWF, ICIMOD, IFC, World Bank, ADB, GTZ, USAID, DFID, UNESCO, UN Habitat लगायतका विभिन्न विकास नियोग, दातृ निकाय तथा निजी क्षेत्रका सरोकारवाला संस्थाहरूसँग संस्थागत सहकार्यको लागि पहलकदमी कार्यहरू सम्पन्न भएका छन्।

### घ. पर्यटन सम्पदा तथा संशाधन विकासतर्फ

- प्रदेशको पर्यटन गतिविधि तथा गन्तव्यहरूको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा प्रचार प्रसार तथा प्रवर्द्धन गर्ने उद्देश्यका साथ स्थानीय सरकार र पर्यटन सम्बद्ध छाता संस्था एवम् पर्यटन व्यसायीहरूको सहकार्यमा प्रदेश नं. १ को धरान, कर्णाली प्रदेश समेतलाई समेटी लुम्बिनी प्रदेशको नेपालगञ्ज र सुदूरपश्चिम प्रदेशको धनगढीमा प्रदेशस्तरीय ट्राभल मार्टहरू आयोजना गरिएको।
- नेपालगञ्जमा आयोजित Western Travel Mart मा लखनऊ, कानपुर, दिल्ली लगायतका सीमावर्ती भारतीय शहरहरूबाट आमन्त्रित करिब ६० जना टुर अपरेटर, ब्लगर तथा मिडियाकर्मीहरू र स्थानीय पर्यटन व्यवसायीहरूबीच प्रदेशका टुर प्याकेजहरूको प्रवर्द्धन गर्न व्यवसायिक अन्तरक्रिया भएको। त्यसैगरी धरानमा आयोजित East Tourism Mart मा पूर्णे/पुना, सिलगुढी, सिक्किम, आसाम, दरभंगा, जोगवनी, फारवेशगञ्ज लगायतका सीमावर्ती भारतीय शहरहरूबाट सहभागी करिब ७० जना टुर अपरेटर, ब्लगर तथा मिडियाकर्मीहरू र स्थानीय पर्यटन व्यवसायीहरू बीच प्रदेशका टुर प्याकेजहरूको प्रवर्द्धन

गर्न B2B भएको थियो भने धनगढीमा आयोजित Farwest Travel Mart मा लखिमपुर, बरेली, रूद्रपुर, नैनीताल, देहरादुन, दिल्ली लगायतका भारतीय शहरहरूबाट आमन्त्रित करिब ६० जना टुर अपरेटर, ब्लगर तथा मिडियाकर्मीहरू र स्थानीय पर्यटन व्यवसायीहरू बीच B2B सम्पन्न भएको थियो। मार्टमा सहभागी भारतीय अतिथिहरूलाई स्थानीय पर्यटकीय गन्तव्य तथा गतिविधिहरूको प्रत्यक्ष जानकारी तथा अनुभव प्रदान गर्न परिचयात्मक भ्रमण समेत गराईएको थियो। तीन दिने उक्त ट्राभल मार्टहरूमा सातै प्रदेशका पर्यटन व्यवसायीहरू समेत सहभागी भएका थिए।

- प्रदेश नं. १, लुम्बिनी प्रदेश र सुदुरपश्चिम प्रदेशका प्रमुख पर्यटकीय गन्तव्य तथा गतिविधिहरूको प्रवर्द्धन गर्न ट्राभल मार्टहरू समेतलाई लक्षित गरी नेपाल टेलिभिजनसँगको सहकार्यमा प्रदेश स्तरीय वृत्तचित्रहरू निर्माण गरी नेपाल टेलिभिजनबाट प्रसारण समेत गरिएको छ। नेपाल एसोसियसन अफ राफ्टिङ्ग एजेन्सिज (नारा) द्वारा त्रिशुली नदीमा आयोजित "Himalayan White Water Challenge, 2022" भीमदत्त नगरपालिकाद्धारा पर्यटन महोत्सव, २०७८", अमरगढी नगरपालिकाद्धारा आयोजित "डडेल्धुरा पर्यटन महोत्सव, २०७८", इलाम नगरपालिकाद्वारा इलाममा आयोजित "केचना कञ्चनजंघा पर्यटन तथा चलचित्र महोत्सव २०७८", ग्रामीण पर्यटन प्रवर्द्धन गर्न गाउँ पर्यटन प्रवर्द्धन मञ्च-नेपाल (भिटोफ) द्वारा आयोजित "रोपाँई महोत्सव, २०७९" र कन्सेप्ट नेपालले आँपस्वारा होमस्टे (दलित सामुदायिक होमस्टे) तनहुँमा नेपालका स्थापित कवि, लेखक, पत्रकार र पर्यटनकर्मीहरू सहभागी गराई आयोजना गरेको आँपस्वारा काव्ययात्रामा प्रवर्द्धनात्मक सहकार्य गरिएको थियो। त्यसैगरी खिजिदेम्बा गाउँपालिका ओखलढुङ्गासँगको साझेदारीमा "पिके थोलेदेम्बा म्याराथन" आयोजना गरिएको थियो भने माउन्टेन स्पोर्ट्स फेडेरेसन नेपाल’सँगको सहकार्यमा Two Wheel Touring का लागि नेपालका उपयुक्त गन्तव्यहरू छनौट गरी म्यानुअल समेत प्रकाशन गरिएको छ।
- आर्थिक वर्ष २०७८/७९ मा नेपालको पर्यटन क्षेत्रको गुणस्तर तथा सेवा प्रवाहको क्षमता अभिवृद्धि गर्ने उद्देश्य अनुरूप यस क्षेत्रमा संलग्न मानव संशाधनहरूको लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम अन्तर्गत रही विभिन्न स्थानहरूमा १७ वटा तालिम तथा अभिमुखीकरण कार्यक्रमहरू सञ्चालन गरिएको थियो । यस वर्ष सञ्चालित विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरूबाट करिब ५१७ जना सहभागीहरू लाभान्वित भएका छन्। काठमाडौंमा पर्यटक सवारी चालक तथा रिक्सा चालकहरूलाई पर्यटक प्रहरी तथा ट्राफिक प्रहरीसँगको सहकार्यमा सडक सुरक्षा तथा सञ्चार सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन गरियो। नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल एजेन्ट्स लुम्बिनी प्रदेशसँगको साझेदारीमा लुम्बिनी प्रदेशका रूपन्देही, पाल्पा, बाँके र बर्दिया जिल्लाका ४० जना व्यवसायीहरूको लागि डिजिटल मार्केटिङ्ग र प्रोडक्ट प्याकेजिङ्ग तालिम भैरहवामा, इलाम नगरपालिकासँगको सहकार्यमा प्रदेश नं. १ को ८ जिल्लाका २५ जना व्यवसायीहरूका लागि डिजिटल मार्केटिङ्ग र प्रोडक्ट प्याकेजिङ्ग तालिम इलाम बजारमा र भीमदत्त नगरपालिका, कञ्चनपुरसँगको साझेदारीमा सुदूरपश्चिम प्रदेशका ४० जना व्यवसायीहरूको लागि डिजिटल मार्केटिङ्ग र प्रोडक्ट प्याकेजिङ्ग तालिम भीमदत्त नगरपालिकामा आयोजना गरिएको थियो ।
- शुक्लाफाँटा राष्ट्रिय निकुञ्जमा बेसिक नेचर गाइड तालिम, नारासँगको सहकार्यमा रिभरगाईड रिफ्रेशर तालिम, इलाममा महिला नेतृत्व विकास तालिम, होटल व्यवसायी महासंघ, नेपालसँगको समन्वयमा होटल व्यवसायीहरूको सेवा प्रवाहमा गुणस्तरीयता अभिवृद्धि गर्ने उद्देश्यले ६ वटा प्रदेशमा २ दिने Hospitality Management Training आयोजना पनि गरियो।

**ङ. नेपाल पर्यटन बोर्ड, क्षेत्रीय कार्यालय, पोखरा**

- आन्तरिक पर्यटन प्रवर्द्धनार्थ विभिन्न उत्सव, महोत्सवहरू जस्तै रेबान स्ट्रिट फेस्टीबल, असारे महोत्सव २०७९, विश्व पर्यटन दिवस २०२१, प्याराग्लाइडिङ प्री वर्ल्डकप, Asian continental paragliding

championship प्रतियोगिता, रक क्लाइम्बिङ्ग festival लगायतका कार्यक्रमहरूको आयोजना तथा सहयोग, पोखरा र गण्डकी प्रदेशको टुर प्याकेज तयार गर्न तालिम आयोजना, पोखराको नेवा संग्रहालयको स्तरोन्नति तथा प्रवर्द्धन, पर्यटन सम्पदा तथा गन्तव्यहरूमा होर्डिङ बोर्ड तथा साइनेजहरू स्थापना, पदमार्गको स्तरन्नोती तथा प्रबद्र्धन, पर्यटन पूर्वाधार सौन्दर्यीकरण, पर्या पर्यटनको विकास र प्रवर्द्धन, नेपालस्थित विदेशी कुटनैतिक नियोग तथा विभिन्न अन्तर्राष्ट्रिय संस्थाका प्रमुख तथा प्रतिनिधिहरू लाई पोखराको Diplomatic excursion tour, पर्यटन संघसंस्थासँगको सहकार्यमा विभिन्न क्षेत्रमा पर्यटन प्रवर्द्धन कार्यक्रम, गण्डकी, बाग्मती र लुम्बिनी प्रदेशका पर्यटकीय स्थलहरू जोडेर स्वर्ण त्रिकोण परिपथको अवधारणा, संघीय ससदको अन्तर्राष्ट्रिय सम्बन्ध समितिका माननीय सभापति र सदस्यज्यूहरूलाई पोखराको निर्माणाधीन अन्तर्राष्ट्रिय विमानस्थल अवलोकन भ्रमण, मानव संशाधन विकासका लागि घान्द्रुक, सिक्लेश, घोरेपानी क्षेत्रमा कार्यरत जनशक्तिलाई स्थलगत तथा सैद्धान्तिक विशेष तालिम, खेलकूद पर्यटनको गतिविधि मार्फत पर्यटन प्रवर्द्धन, गण्डकी प्रदेशका हिमशिखरहरूको पर्वतारोहणमा पर्यटकहरूलाई आर्कषित गर्न हिमनदी पार गर्ने तालिम तथा माछापुच्छ्रे र अन्नपूर्ण चौथो हिमालको बीचमा रहेको तीन शिर समेतको प्रवर्द्धन गर्न प्रवर्धनात्मक कार्यक्रम आयोजना गरिएको थियो।

- त्यसैगरी नेपाल पर्वतारोहण संघ, गण्डकी प्रदेशसँगको सहकार्यमा पदयात्रा पथ प्रदर्शकहरूलाई आपतकालीन उद्धार, प्राथमिक उपचार, नेभिगेशन, नक्शा अध्ययन जस्ता तालिम, महिला पर्यटन व्यवसायीहरू, नाट्टाका सदस्यहरू लगायतलाई विद्युतीय तथा सामजिक सञ्जालबाट व्यवसाय प्रवर्द्धन गर्ने तालिम, नवलपुरका होटल व्यवसायीहरूलाई विद्युतीय तथा सामाजिक सञ्जालबाट व्यवसाय प्रवर्द्धन गर्ने तालिम, Trekking Agencies Association of Nepal सँगको सहकार्यमा पोखरा आवद्ध कम्पनीका सञ्चालक तथा पर्यटन व्यवसायमा कार्यरत अग्रपंक्तिका कामदारहरूलाई First Aid training for mountain guide विषयसँग सम्बन्धित तालिम, यातायात क्षेत्रमा काम गर्ने मजदुरहरूलाई तालिम, जिल्ला प्रहरी कार्यालय, पोखरा र पोखरा पर्यटन परिषदसँगको समन्वयमा पोखराका पर्यटन व्यवसायीहरू तथा कर्मचारीहरूलाई पर्यटकहरूको सुरक्षा विषयमा अन्तर्क्रिया तथा अभिमुखीकरण कार्यक्रम, होटलमा कार्यरत व्यवसायीहरू लगायत अग्रपंक्तिका व्यक्तिहरूलाई Taxation and Hospitality तालिम, होमस्टे एशोसिएसन नेपालको सहकार्य घरबास तालिम, गाउँ पर्यटन प्रवर्द्धन मञ्च नेपाल सँगको सहकार्यमा ग्रामीण टुर गाइड ताालिम, मुद्रा सटही व्यवसायी संगठन पोखरा सँगको सहकार्यमा परिवर्तीय विदेशी मुद्रामा वित्तीय साक्षरता एवम् लेखा परिक्षण विषयक अन्तरक्रिया तथा छलफल कार्यक्रम, गोरखाका होटलमा कार्यरत अग्रपंक्तिका कामदारहरू र व्यवसायीहरूलाई पुनर्ताजगी तालिमहरू सम्पन्न गरिएको, बाग्लुङ, पर्वत र म्याग्दीका होटलमा कार्यरत अग्रपंक्तिका कामदारहरू र व्यवसायीहरूलाई पुनर्ताजगी तालिमहरू, इम्ब्रोइडरी एण्ड गार्मेन्ट एसोशिएसन (एगा) पोखरा सँगको सहकार्यमा क्षमता तथा पर्यटकीय गुणस्तरीय उत्पादन तथा सीप अभिवृद्धि तालिम, पोखराको पर्यटकीय ब्राण्ड Pokhara Pure As Paradise मार्फत विभिन्न माध्यम मार्फत प्रचार प्रसार गरिएको। होर्डिङ तथा पर्यटकीय सूचना बोर्ड, राख्ने, प्रवर्द्धनात्मक सामाग्रीहरू टि-सर्ट, कपहरू तयार गरी विशिष्ट महानुभाव, टुर अपरेटरहरू, सञ्चारकर्मीहरू र सरोकारवालाहरूलाई वितरण भइरहेको (निरन्तर)। साथै रेडियो मार्फत "Pokhara Pure as Paradise" को प्रचार प्रसार गरिएको थियो।

**च. कर्पोरेट सर्भिसेज एवम् प्रशासन महाशाखा कार्यक्रमतर्फ**

- बोर्डका कर्मचारीहरूको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिमको आयोजनाका साथै नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठानद्वारा आयोजित क्षमता विकास कार्यक्रमहरूमा कर्मचारीहरूलाई सहभागी गराइएको। कर्मचारी युनियनसँगको सहकार्यमा फोटोग्राफी तालिम र योग अभ्यास कार्यक्रम सम्पन्न गरिएको। ३१

डिसेम्बरका दिन बोर्डको २३ औं वार्षिकोत्सव कार्यक्रम सम्बद्ध सरोकारवालाहरूको सहभागितामा भव्यतापूर्वक मनाइएको।

- बोर्डका लागि आवश्यक विभिन्न वस्तु तथा अत्यावश्यकीय सेवाहरूको खरिद टेण्डर शिलबन्दी कोटेशन प्रक्रियाहरूबाट कार्यान्वयन गरियो। (क) विमा सेवा (ख) कार्यालय सहायक तथा सहयोगी सेवा (ग) सवारी चालक (घ) सुरक्षा सेवा (ङ) पार्केटिङ तथा कार्पेटिङ कार्यहरू।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको नयाँ आगमन टनलमा आगन्तुक विदेशी पर्यटकहरूलाई प्रभावकारी सूचना सम्प्रेषणका लागि आवश्यक भौतिक Space का लागि सम्झौता सम्पन्न भई पूर्ववतः रूपमा सूचना सम्प्रेषणको कार्यलाई निरन्तरता दिइएको।
- डिजिटलाइजेसन अन्तर्गत, बोर्डको आर्थिक कारोबारहरूको आन्तरिक नियन्त्रण प्रणालीलाई सहज र पारदर्शी बनाउने, रिपोर्टिङ्गलाई छिटो र विश्वासिलो बनाउने, जोडिएका अन्य प्रक्रियाहरूलाई लेखासम्म integrate गर्ने उद्देश्यले ERP (Enterprise Resource Planning) प्रणाली सफ्टवेयरको विकास गर्न सम्झौता सम्पन्न भई हाल Sales Module को परीक्षण भइरहेको र आगामी आर्थिक वर्ष भित्र सम्पूर्ण Module हरू सम्पन्न भइ पूर्ण रूपले कार्यान्वयनमा आउने अपेक्षा गरिएको छ।
- पदयात्री सूचना व्यवस्थापन प्रणाली (टिम्स) को प्रभावकारी सञ्चालनको लागि अनलाइन टिम्स रजिस्ट्रेसन एन्ड ट्र्याकिङ सिस्टम प्रणालीको परीक्षण सफलतापूर्वक सम्पन्न भई अधिकांश FIT पदयात्री पर्यटकहरू हकमा Online दर्ताको लागि QR Code Scan मार्फत प्रयोग भैरहेको। आगामी आर्थिक वर्षमा कार्यकारी समितिबाट विद्युतीय भुक्तानीको स्वीकृति भए सँगै, सम्पूर्ण रूपमा विद्युतीय प्रणालीमा लगिने अनुमान गरिएको छ।
- शैक्षिक संस्थासँग संस्थागत सहकार्यका लागि समझदारी पत्रमा हस्ताक्षर भइ पर्यटन, व्यवस्थापन विषय लिई अध्ययनरत विद्यार्थीहरूलाई बोर्डमा प्रशिक्षार्थी अनुभव लगायत अन्य प्राविधक ज्ञान आदानप्रदानको अवसर ईन्टरन्सिपका मार्फत प्रदान गरिरहेको।
- बोर्डको आर्थिक वर्ष २०७०/७१, २०७१/७२, २०७२/७३ तथा आर्थिक वर्ष २०७३/७४ को लेखा संपरीक्षण भई अन्तिम लेखा परिक्षण प्रतिवेदन प्राप्त हुन बाँकी रहेको। त्यसैगरी आर्थिक वर्ष २०७४/७५ र २०७५/७६ को अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट सम्पन्न भई प्रारम्भिक प्रतिवेदन तयार भएको। त्यसैगरी आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भई प्रारम्भिक प्रतिवेदन जारी गर्ने अवस्थामा रहेको छ भने आ.व. २०७८/७९ को लेखा परीक्षणको कार्य शुरू हुने क्रममा रहेको छ।
- बोर्डको नियमित आम्दानीको स्रोतहरू बाहेक नगद प्रवाहको अवस्थालाई ध्यानमा राखी समय, समयमा निष्क्रिय (Idle) रहने नगदको मुद्दती खातामा राख्ने व्यवस्थालाई निरन्तरता दिई व्याज आम्दानी गरिएको। यस विधिमा एकरूपता ल्याउन Standard Operating Procedure (SOP) बनाइ कार्यान्वयन गरिरहेको। आषाढ मसान्त सम्मको विवरण अनुसार रू ६.४२ करोड व्याज आम्दानी भएको।

## छ. कार्यकारी समिति एवम् कार्यकारी प्रमुखको सचिवालय

- विदेशमा नेपाल पर्यटन बोर्डका मानार्थ जनसम्पर्क प्रतिनिधि (Honorary Public Relations Representatives) छनौट, नियुक्ति तथा परिचालन सम्बन्धि मापदण्ड, २०७८ स्वीकृत गरिएको छ।

## ज. जीविकोपार्जन पुनरूत्थानको लागि दिगो पर्यटन परियोजना (STLRP)

- विश्वव्यापी रूपमा फैलिएको COVID-19 महामारीका कारण पर्यटन क्षेत्रमा संलग्न हजारौ अग्रपंक्तिमा कार्यरत जनशक्तिहरू विशेषतः महिला तथा पिछडिएका वर्ग तथा समूहहरूलाई राहत प्रदान गर्न तथा

प्रमुख पर्यटकीय गन्तव्यस्थलहरूका पर्यटकीय सम्पदाको प्रवर्द्धन र विकास मार्फत पर्यटन उद्यमी र श्रमिकहरूको लागि रोजगार र आयआर्जनका अवसरहरूमा वृद्धि गर्न नेपाल पर्यटन बोर्ड र संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) को सहकार्यमा जीविकोपार्जन पुनरूत्थानका लागि दीगो पर्यटन परियोजना: Sustainable Tourism for Livelihood Recovery Project (STLRP) सञ्चालन गरिएको छ।

- दीगो पर्यटन परियोजनाले सन् २०२१ मा २५ जिल्लाका ४५ वटा स्थानीय तह (नगर/गाउँपालिका) सँगको सहकार्यमा पाँच हजार छ सय पैतालीस पर्यटन मजदुर (१,४४२ महिला तथा ४,२०३ पुरूष) लाई अल्पकालीन रोजगारीको अवसर सिर्जना गरेको, १९ वटा हाइकिङ रूट निर्माण, १५ किलोमिटर साइकलमार्ग निर्माण, ७५ किलोमिटर पदर्मागको पुनर्निर्माण, ५७ किलोमिटर नयाँ पदर्मागको विकास, ६ वटा पर्यटक सेल्टर निर्माण, ७ वटा काठे पुल निर्माण, ११ वटा काठेपुलको मर्मत सम्भार सम्पन्न गरी १२४ पर्यटन सन्केत चिन्नहरू (signage) राखिएको छ।
- यसको साथै परियोजनाले सन् २०२१ मा पर्यटन क्षेत्रको बृहत राष्ट्रिय पुनरूत्थान रणनीति तयार गरिएको र नेपालका पर्यटकीय सेवा सुविधाहरूको स्तरीकरण सम्बन्धी निर्देशिकाहरू - रेस्टुरेण्ट र बारहरूको लागि खाद्य तथा पेय सेवा मार्गनिर्देशन (Food and Beverage Service Standard for Restaurants and Bars), पर्यटक सवारी साधन सञ्चालन मार्गनिर्देशन (Tourist Vehicle Operating Standards Guidelines) पनि तयार गरिएको छ।
- साथै सन २०२२ (२०७८/७९ असार मसान्त सम्म) सम्ममा परियोजनाले पर्यटकीय क्षेत्रहरूमा स-साना पूर्वाधार निर्माण गर्नको लागि १२ स्थानीय तह (नगर/गाउँ पालिका) सँगको सह लगानीमा २७ स-साना पर्यटन पूर्वाधार निर्माणको काम सम्पन्न गरिएको छ।
- पर्यटन व्यवसायीहरूलाई सीपमूलक पर्यटन तालिमहरू दिई उनीहरूको व्यवसायिक दक्षता बढाउन पर्यटन क्षेत्रका मुख्य मुख्य सरोकारवाला निकायहरूसँगको सहकार्यमा हाल सम्म करिब ३०० जनालाई तालिम दिइएको छ। परियोजनाले महिला तथा पिछडिएका वर्ग तथा समूहहरूलाई लक्षित गरी नेपालमा पहिलोपटक महिलाहरूका लागि मात्रै निःशुल्क र्‍याफ्टिङ्ग गाईड एवम् ट्रेकिङ्ग गाईड तालिम पनि प्रदान गरिएको छ। पर्यटकीय सेवा सुविधाहरूको स्तरीकरण गर्नको लागि विभिन्न निर्देशिकाहरू जस्तै ट्रेकिङ्ग गाईड तालिम निर्देशिका, र्‍याफ्टिङ्ग गाईड तालिम निर्देशिका, Advanced Cook Training Guidelines, रेस्टुरेन्ट र बार व्यवस्थापन तालिम निर्देशिका, टुर डिजाइन र यात्रा योजना तालिम निर्देशिका, अनलाइन टिकट तालिम निर्देशिका, ग्राहक सेवा तालिम निर्देशिका, Advanced Nature Guide Training Guidelines तयार गर्ने काम पनि अगाडि बढाइएको छ।
- त्यसैगरी, पर्यटक तथा पर्यटनको कुल ग्राहस्थ उत्पादनमा रहेको योगदानलाई एकीन गर्नका लागि विश्व पर्यटन संस्थाको सहकार्यमा Tourism Satellite Account (TSA) निर्माण गर्ने काम, पर्यटकहरूको तथ्याङ्क (Tourism Database) व्यवस्थित गर्ने, आन्तरिक पर्यटन प्रवर्द्धनका निम्ति अध्ययन कार्य अगाडि बढाइएको छ।

## २५. नेपाल पर्यटन तथा होटल व्यवस्थापन प्रतिष्ठान

- ३१७ जनालाई Hospitality Awareness र Dining Etiquette तालिम सम्पन्न भएको।
- दोलखा, जुम्ला र झापामा ७७ जनाको साना होटल तथा लज मेनेजमेन्ट तालिम सम्पन्न भएको।
- काठमाडौं, सिन्धुपाल्चोक, डोटी, बर्दिया, अर्गाखाँची, महोत्तरी र खोटाङ्ग गरी जम्मा २८९ जनाको होमस्टे तालिम सम्पन्न भएको।
- १४९ जनाको सम्पर्क अधिकृतको अनुस्थापन तालिम सम्पन्न भएको।

- होटल तालिम अन्तर्गत Basic Food Preparation, Barista, Bakery, Barista Training गरी जम्मा ११५ जनाको तालिम सम्पन्न भएको।
- ट्राभल अन्तर्गत Trekking Guide, Trekking Porter Guide, River Guide र Tour Guide गरी जम्मा ३३३ जनाको तालिम सम्पन्न भएको।
- शैक्षिक कार्यक्रम अन्तर्गत Master of Hospitality Management (MHM) तर्फ १५ जना पास भएका छन्।

## २६. नेपाल पर्वतीय प्रशिक्षण प्रतिष्ठान

- BMS 701: Mountain Climbing (6000) (PTT-Field research 5) २०७८ असोजमा सञ्चालन भई मेरा पिक ६४७० मीटर हिमालको स्नातक तह पहिलो ब्याच सातौं सेमेस्टरका विद्यार्थीहरू, कार्यकारी निर्देशक एवम् क्याम्पस प्रमुख श्री रोमनाथ ज्ञवाली, सञ्चालक समिति सदस्य एवम् प्रशिक्षक श्री छिरिङ जाङ्बु शेर्पा र निर्देशक उत्तमबाबु भट्टराई समेतले सफलतापूर्वक आरोहण गरी पर्वतीय पर्वतारोहणको अध्ययन अध्यापनमा इतिहास कायम गर्न सफल भएको छ। यसैगरी पहिलो ब्याच ८ औं सेमेष्टरका विद्यार्थीहरूले हिमलुङ हिमाल आरोहण सहितको अध्ययन समेत पूरा गरेका छन्।
- स्नातकोत्तर तहको Master of Adventure Tourism Studies (MATS) को तेश्रो सेमेस्टरमा समावेश Field research का लागि २०७९ जेठ/असारमा मनाङ जिल्लामा रहेको चुलो हिमालमा अध्ययनका लागि आरोहण समूह गएकोमा पहिलो ब्याचका विद्यार्थीहरू १६ जनाले सफलतापूर्वक चुलो फार इष्ट हिमालको सफल आरोहण सहित अध्ययन गरेका छन्।
- International Peer Reviewed Research Journal, Journal of Tourism and Himalayan Adventures प्रकाशनलाई निरन्तरता दिइएको छ। प्रकाशित भएको जर्नल 'नेपजोल' र 'डिओआई' रजिष्टर्ड गरी अन्तर्राष्ट्रियस्तरको मान्यता प्राप्त भएको छ।
- त्रिभुवन विश्वविद्यालयबाट स्नातकोत्तर तहको Mountaineering and Mountain Science by Research (MSc in MMS-R) को शैक्षिक उपाधि र स्टक्चर स्वीकृत भएको छ।
- विश्वभर रहेका ८ हजार मिटर माथिका १४ वटा हिमालहरूको एकेडेमिक प्रोफाइल तयार पारिएको छ।
- सोलुखुम्बु जिल्लामा अवस्थित मेरा पिक (६,४७०मीटर) मा हाइअल्टिच्यूट स्की स्थल स्थापनाका लागि गुरूयोजना निर्माण गरिएको छ। बाग्लुङ जिल्लाको ढोरपाटन क्षेत्रमा स्की सम्बन्धी सम्भाव्यता अध्ययन गरिएको छ।
- प्रतिष्ठानबाट पाठ्यक्रम निर्माण भई कक्षा ११ र १२ मा समावेश पर्यटन तथा पर्वतारोहण विषयका विषय शिक्षकहरूलाई टिचर्स फर ट्रेनिङ्ग सञ्चालन गरिएको छ। हाल देशभर १७० भन्दा बढी दश जोड २ ले उक्त विषयको अध्यापन गरिरहेका छन्। उक्त विद्यालयहरूमा पर्यटन र पर्वतारोहण विषय अध्यापन गराउन शैक्षिक सामाग्रीहरू समन्वय गरी पठाइएको छ। काठमाडौं उपत्यकाका विभिन्न १० विद्यालयहरूमा पर्यटन र पर्वतारोहण सम्बन्धी विशेष कक्षा सञ्चालन गरिएको छ। गोरखाको लाप्राक र ताप्लेजुङमा शिक्षक व्यवस्थापनमा सहयोग गरिएको छ।
- स्नातक र स्नातकोत्तर तहका लागि आवश्यक पर्ने अध्ययन सामाग्री (Text Book) निर्माणका लागि दोश्रो चरणमा Anthropology of Tourism and Mountaineering पुस्तक तयार गरी प्रकाशन गरिएको छ।
- पर्वतीय पर्वतारोहणको शैक्षिक अध्ययन अनुसन्धान कार्यक्रम अन्तर्गत आर्थिक वर्ष २०७७/७८ को अध्ययन प्रतिवेदन प्राप्त भएका छन्। प्राप्त प्रतिवेदनलाई पुस्तकको रूपमा प्रकाशन गरिएको छ। यसै गरी गत आर्थिक वर्षमा सोही कार्यक्रम अन्तर्गत अनुसन्धानकर्ता छनोट गरी विज्ञ २ समूह २ वटा र विद्यार्थीको ४ समूहलाई अनुसन्धान सम्बन्धी अनुदान प्रदान गरिएको छ।

- यस आर्थिक वर्षमा ट्रेकिङ्ग गाइड तालिम अन्तर्गत २४ औं देखि ३३ औं सम्म १० समूहलाई ट्रेकिङ्ग गाइड तालिम आयोजना गरी सम्पन्न गरिएको छ। सुदुर पश्चिम प्रदेशको कैलालीमा, कर्णाली प्रदेशको डोल्पा र मुगु जिल्लामा, १ नम्बर प्रदेशको ताप्लेजुङ र सोलुखुम्बुमा समेत ट्रेकिङ्ग गाइड तालिम सञ्चालन गरिएको छ। उक्त तालिमहरूबाट ४६५ जनाले प्रमाणपत्र प्राप्त गरेका छन्। ट्रेकिङ्ग गाइड तालिमलाई सैद्धान्तिक र प्रयोगात्मक मोडालिटिमा सञ्चालन गरिएको छ। प्रशिक्षार्थीको क्रियाकलाप, प्रयोगात्मक कक्षा र लिखित परिक्षाका आधारमा मूल्यांकन गरी ग्रेडिङ अनुसार प्रमाणपत्र दिने व्यवस्था गरिएको छ।
- विभिन्न किसिमका तालिमहरूको लक्ष्य राखिएकोमा लक्ष्य अनुरूप नै विभिन्न किसिमका तालिमहरू सञ्चालन भई यस आर्थिक वर्षमा कुल जना ७५२ जना प्रशिक्षार्थीले प्रमाणपत्र प्राप्त गरेका छन्।
- तीन महिना, छ महिना र एक वर्षको छोटो अवधीको पर्वतीय पर्वतारोहण विषयको पाठ्यक्रम तयार गरिएको छ।
- कक्षा ८, ९ र १० को पर्यटन र पर्वतारोहणको विषयको पाठ्यक्रम तयार गरी कार्यान्वयनका लागि सम्बन्धित निकायमा पठाइएको छ।
- व्याचलर अफ माउन्टेरियरिङ स्टडिज (विएमएस) का विद्यार्थी सम्मिलित रही तयार पारेको मेरा पिकको क्लाइम्बिङ नक्सा प्रकाशन गरिएको छ।

## नागरिक उड्डयन क्षेत्र

- गैह्र सैनिक हवाई उडान (दूर्घटना जाँच) नियमावली, २०७८ को मस्यौदा तयार भई अर्थ मन्त्रालय र गृह मन्त्रालयको राय/सहमति प्राप्त भएको तत् पश्चात कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालयको राय सहमतिका लागि लेखी पठाइएको।
- Procedure Manual of Aircraft Accident /Incident Investigation, 2022 तयार भएको।
- विमानस्थल सेवा शुल्क नियमावली, २०७९ स्वीकृत भई कार्यान्वयन भएको।
- गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल सञ्चालन र व्यवस्थापनको समन्वय सम्बन्धी कार्य निरन्तर भइरहेको।
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माण र सञ्चालन तयारीको समन्वय सम्बन्धी कार्य निरन्तर भइरहेको।
- हवाई सेवा सम्झौताका कागजातहरू र दूर्घटना जाँचका प्रतिवेदनहरूको अभिलेखीकरण तथा डिजिटाइजेसन कार्य सम्पन्न भएको।
- Universal Safety Oversight Audit Program अन्तर्गत नेपालको Full Scope Audit का लागि अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठनद्वारा वायुयान दूर्घटना जाँचको अडिट सम्पन्न भएको।

## २७. नेपाल नागरिक उड्डयन प्राधिकरण

उड्डयन सेवालाई थप गुणस्तरीय, सुरक्षित, विश्वसनीय र सर्वसुलभ बनाई सेवा प्रवाह गर्न विमानस्थल पूर्वाधार निर्माण, उडान सुरक्षा, सूचना प्रविधि, मानवस्रोत व्यवस्थापन तथा व्यवस्थापकीय कार्यहरूमा देहाय बमोजिमका उपलब्धिहरू भएका छन्:-

### विमानस्थल पूर्वाधार विकासतर्फ

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यसम्पन्न भई सञ्चालनमा आएको,
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको,
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उड्डयन सुरक्षाको जोखिमको रूपमा रहेको रिठ्ठेपानी डाँडामा भएका रूख रूवाहरू कटान गर्न वन तथा भू-संरक्षण विभागसँग समझदारी-पत्रमा हस्ताक्षर भएको,

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आन्तरिक टर्मिनल भवनको विस्तारित प्रस्थानकक्षको निर्माण सम्पन्न भई सञ्चालनमा आएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तर्राष्ट्रिय टर्मिनल भवन अगाडि क्यानोपी तथा वाटर फाउन्टेनको निर्माण कार्य सम्पन्न भई सञ्चालनमा आएको,
- निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको गुरूयोजना तयार गर्ने कार्यसम्पन्न भएको,
- फाल्गुणानन्द सुकिलुम्बा विमानस्थलमा उडान परीक्षण (**Test Landing)** को सफलता पश्चात् व्यवसायिक उडान सञ्चालनमा आएको,
- तेन्जिङ्ग हिलारी विमानस्थल (लुक्ला) मा हेलिप्याड निर्माण कार्यसम्पन्न भएको,
- वैतडी (पाटन) विमानस्थलमा नयाँ टर्मिनल टावर भवनको **Structure** को काम सम्पन्न भएको तथा साँफेबगर विमानस्थलमा टावर, टर्मिनल भवन निर्माण कार्यको **Structure** को कार्य सम्पन्न चरणमा रहेको,
- डोल्पा (मसिनेचौर) विमानस्थल, गुल्मी विमानस्थल, ताप्लेजुङ्ग विमानस्थलको धावनमार्ग, ट्याक्सी वे, एप्रोन कालोपत्रे कार्य सम्पन्न भएको,
- रामेछाप विमानस्थलमा धावनमार्ग विस्तार कार्य सम्पन्न भएको,
- राजविराज तथा सुर्खेत विमानस्थलको धावनमार्ग ट्याक्सी वे, एप्रोन ओभरले कार्य सम्पन्न भएको,
- जनकपुर विमानस्थलमा चेनलिङ्क फेन्सिङ्ग, रनवेग्रेडिङ्ग, ड्रेनेज सुधार कार्य सम्पन्न,
- हुम्ला (सिमिकोट) विमानस्थलमा एप्रोन तथा हेलिप्याड निर्माण कार्य अन्तिम चरणमा रहेको,
- कालिकोट विमानस्थलमा धावनमार्ग, ट्याक्सीवे, एप्रोनकालो पत्रे तथा ड्रेनेज निर्माण कार्य अन्तिम चरणमा रहेको,
- नेपालगन्ज विमानस्थलमा २०० मीटर पश्चिमतर्फ धावनमार्ग विस्तार कार्य सम्पन्न भएको,
- बाग्लुङ्ग (बलेवा) विमानस्थलमा धावनमार्ग, ट्याक्सी वे, एप्रोन, कालोपत्रे, फेन्सिङ्ग ड्रेनेज तथा अन्य निर्माण कार्य सम्पन्न भएको,
- तेह्रथुमको चुहानडाँडा विमानस्थलको **TOR Scoping Document** मन्त्रालयबाट स्वीकृत भई आएको र **EIA** को काम सुरू गरिएको,
- अर्घाखाँची विमानस्थलको धावनमार्ग, ट्याक्सी वे, एप्रोन कालोपत्रे तथा ड्रेनेज निर्माण कार्यको पहिलो तथा दोस्रो **Phase** को ठेक्का सम्झौता अनुसारको निर्माण कार्य सम्पन्न भई ६५० मीटर रनवे स्ट्रिप तयार भएको,
- महेन्द्रनगर तथा दार्चुला विमानस्थलको सुदृढीकरण कार्यप्रारम्भ भएको।

**विमानस्थल सुविधा अभिवृद्धितर्फ**

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल मिति २०७९/०२/०२ गतेदेखि २४ सैं घण्टा सञ्चालनमा आएको र रात्री उडान सुविधा भएका काठमाडौं बाहिरका विमानस्थलहरू मिति २०७९/०२/१५ गतेदेखि १८ घण्टा सञ्चालनमा ल्याई Air Traffic Congestion व्यवस्थापन गरिएको,
- आन्तरिक वायुसेवा कम्पनीहरूलाई आधारस्थल भएकै विमानस्थलहरूमा रात्री विसान गरी सोही विमानस्थलबाट नै पहिलो उडान हुने व्यवस्था गरिएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिक तर्फका हवाई यात्रुहरूको सेवा सुविधाका लागि आन्तरिक टर्मिनल भवनदेखि स्वर्णद्वार(Golden Gate)सम्म दुईतर्फी निःशुल्क Shuttle Bus सेवा सञ्चालनमा आएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पानी सञ्चितिको लागि ४ वटा Reservoir water Tank को निर्माण कार्यसम्पन्न भएको,

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हेलिकोप्टर यात्रुका लागि शेड र शौचालय (Construction of Shed and Toilets for Heli Passengers ) निर्माण कार्यसम्पन्न भएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको P0 Station बाट Domestic Terminal Building सम्म र VVIP लगायत स्थानहरूमा Copper Armored Power Cable and Accessories जडान कार्यसम्पन्न भएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको Remote Parking Bay मा नयाँ तथा Zero Parking Bay र Old Parking
- Bay No. 1, 2, 3 मा थप High Mast LED Flood Light Including Steel Tubular Pole and Accessories जडान कार्यसम्पन्न भएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 1000KW Modular Online UPS with Lithium-ion Battery, Switchgears and Accessories आपूर्ति भई जडानको क्रममा रहेको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थानतर्फको विशिष्ट कक्ष जान प्रयोग हुने Elevator जडान सम्पन्न भएको,
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उद्धार तथा अग्नि निवारण कार्यमा प्रयोग हुने Breathing Air Compressor जडान कार्यसम्पन्न भएको,
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको लागि ४ थान ARFF Vehicles को खरिद तथा Commissioning कार्य सम्पन्न भई सञ्चालनमा आएको,
- Power Supply Improvement अन्तर्गत जनकपुर नागरिक उड्डयन कार्यालयमा 400 kVA Distribution Transformer जडान भएको। धनगढी विमानस्थलको टर्मिनल भवनमा "Energy Efficient Noiseless Fan" जडान कार्य सम्पन्न भएको,
- नेपालगञ्ज, विराटनगर तथा धनगढी नागरिक उड्डयन कार्यालयमा Arrival Baggage Handling System जडानको लागि सम्झौता भई कार्य आरम्भ भएको,
- नेपालगञ्ज नागरिक उड्डयन कार्यालयको Expanded Runway तथा Apron Area मा Runway Lighting System (Edge Lights, High Mast Apron Flood Lights LED Signage's) को कार्य जारी रहेको,
- ARFF Vehicles हरूको Contractors Plant and Machinery (CPM) तथा Third Party Insurance गर्ने कार्य सम्पन्न भएको,
- अत्यधिक गर्मी हुने तराईका विमानस्थलहरूमा यात्रु सुविधाको लागि गौतमबुद्ध तथा धनगढी विमानस्थलमा Floor Standing AC जडान गरिएको,
- लुक्ला विमानस्थलमा 3 phase line installation को लागि कार्य अगाडि बढाइएको,
- विमानस्थल सञ्चालन तथा व्यवस्थापन निर्देशिका, २०७९ स्वीकृत भई कार्यान्वयनमा आएको,
- नेपाल नागरिक उड्डयन प्राधिकरण विमानस्थल सेवा शुल्क नियमावली, २०७८ को नियम ५ मा भएको व्यवस्था बमोजिम भूमिस्थ प्रबन्ध सेवा (Ground Handling) शुल्क सेवा प्रदायक संस्थाले संकलन गर्ने शुल्क निर्धारण सम्बन्धी व्यवस्था स्वीकृत भई सेप्टेम्बर १, २०२२ बाट कार्यान्वयनमा आउने,
- IHR-2005 मापदण्डमा भएको व्यवस्था बमोजिम विमानस्थल सञ्चालनका सिलसिलामा Stakeholder हरूले विमानस्थलमा अपनाउनु पर्ने स्वास्थ्य सम्बन्धी मापदण्ड तथा विपत्/महामारीका समयमा कार्य सञ्चालन सम्बन्धमा इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाबाट आयोजना भएको कार्यक्रम र public Health/ Facilitation Committee को सदस्यको हैसियतमा समन्वयकारी भूमिका निर्वाह गरेको,
- इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाको समन्वयमा सञ्चालनमा रहेका विमानस्थलहरूमा कोभिड संक्रमणको समयमा अपनाउनु पर्ने मापदण्डहरू र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट अवलम्बन गरिएका जनस्वास्थ्य सम्बन्धी मापदण्डहरू कार्यान्वयनमा गर्ने कार्यमा सहयोग, समन्वय र अनुगमन

गरेको। साथै नेपालको स्वास्थ्य मापदण्ड कार्यान्वयनको अवस्थाबारे ICAO मा अद्यावधिक गर्ने कार्यमा सम्बन्धित निकायसँग समन्वय गर्ने गरिएको।

### एयर नेभिगेसन प्रणालीतर्फ

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नेपालगञ्ज, सिमरा, बिराटनगर, पोखरा विमानस्थलमा जडित Radio Navigational Aids-DVOR/DME समेतको Periodic Flight Inspection कार्यसम्पन्न भएको,
- ICAO बाट प्रकाशित AIRAC Cycle Data's अनुसार विभिन्न निकायहरूबाट पेस भए बमोजिम AIP Product का Amendment तथा Supplement जारी गरिएको,
- AIP Nepal मा रहेको Chart/Map संशोधन गरिएको,
- AIS को लागि आवश्यक Quality Manual तयार भएको,
- त्रिभुवन र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, चन्द्रगढी, बिराटनगर, राजविराज, जनकपुर र धनगढी विमानस्थलमा भू-उपग्रहमा आधारित उडान कार्यविधि लागू गरिएको,
- धनगढी, नेपालगञ्ज, सिमरा, जनकपुर, विराटनगर र चन्द्रगढी विमानस्थलहरूमा उडानका लागि भू-उपग्रहमा आधारित RNP 2 Route लागू भई थप Routes हरू Design सम्बन्धी कार्य भइरहेको,
- धनगढी र चन्द्रगढी विमानस्थलमा उड्डयन सहाय उपकरण DVOR/DME जडान भएको र यस्ता Navigation Aid जडान भएका विमानस्थलहरूको संख्या ८ पुगेको,
- त्रिभुवन र गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, धनगढी र नेपालगञ्ज विमानस्थलमा ADS-B प्रणालीका Sensor हरू जडान भई नेपालको हवाई आकाशमा Monitoring सेवा विस्तार भएको,
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा भू-उपग्रहमा आधारित PBN Procedure लागू गरिएको।

### उडान तथा हवाई सुरक्षातर्फ

- सन् 2022 April 13 देखि 25 सम्म ICAO द्वारा भएको USOAP CMA Audit सफलतापूर्वक सम्पन्न भई नेपालले ७०.१० प्रतिशत Effective Implementation दर हासिल गर्न सफल भएको जुन Asia Pacific तथा Global average भन्दा माथि रहेको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, बिराटनगर विमानस्थलमा Airport Emergency Plan को अनिवार्य व्यवस्था अनुसार पूर्णसंकटकालीन अवस्थाको अभ्यास ( Full Scale Emergency Exercise) सञ्चालन गरिएको,
- National Aviation Safety Plan 2018-22 अनुसार विगत १० वर्षमा नेपालको उड्डयन क्षेत्रमा भएका घटना/दूर्घटना सम्बन्धी Aviation Safety Report 2021 प्रकाशन भएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, नेपालगञ्ज विमानस्थल, धनगढी विमानस्थल, तेन्जिङ्ग हिलारी विमानस्थल, डोल्पा विमानस्थलमा Safety Awareness Program सञ्चालन गरिएको,
- हवाई सुरक्षातर्फ सन् २०१९ मा ICAO USAP Audit बाट औंल्याइएका कमी-कमजोरी सुधारका लागि CAP तयार भई कार्य अघि बढाइएको,
- उडान सुरक्षाको सुपरिवेक्षणको लागि आवधिक रूपमा तालिका बनाई सम्पूर्ण वायुसेवा कम्पनीको नियमित तथा आकस्मिक निरीक्षण, परीक्षण गरी ICAO Annex-1 एवम् मापदण्ड बमोजिम व्यक्तिगत इजाजतपत्र जारी गरेको,

- उडान सुरक्षा अभिवृद्धि गर्न देशका विभिन्न विमानस्थलहरूमा सुरक्षा लगायत सम्बन्धित सरोकारवाला निकायका जनशक्तिलाई नियमित रूपमा तालीम, कार्यशाला, गोष्ठी अन्तर्क्रिया तथा छलफल कार्यक्रम नियमित र आवश्यकतानुसार गरिएको,
- उडान सुरक्षालाई अभिवृद्धि गर्ने उद्देश्यले दुर्गम क्षेत्रका विमानस्थलहरूमा उडान गर्नुपूर्व प्रस्थान र गन्तव्य विमानस्थलको मौसमको अवस्थाका अतिरिक्त En-Route Weather को जानकारी लिई उडान गर्ने व्यवस्था गरिएको,
- हेलिकप्टर उडानमा उडान सम्बद्ध जोखिम मूल्याङ्कन र न्यूनीकरण गर्नका लागि स्वचालित विद्युतीय प्रणाली (Automatic Safety Risk Mitigation and Assessment System) सञ्चालनमा ल्याइएको,
- ICAO को मापदण्ड अनुसार र नेपालको State Safety Programme(SSP) मा भएको व्यवस्था अनुसार अधिकांश हवाई सेवा प्रदायकहरूले Safety Management System (SMS) लागू गरेको,
- Airlines Operators (Helicopters + Fixed wings) हरूको Safety Management System कार्यान्वयन दरको SMS Audit सम्पन्न गरिएको,
- Safety Management सँग सम्बन्धित विभिन्न नियमनकारी Documents अद्यावधिक गरिएको र नयाँ Documents Safety Investigation Procedure Manual, Risk Based Surveillance Manual र Aviation Enforcement Policy and Procedure Manual तयार पारिएको,
- State को Safety Performance Indicators, Safety Performance Targets एवम् Safety Risk Areas निक्यौंल गरिएको,
- State Safety Programme थप प्रभावकारी बनाउन ICAO-Regional Aviation Safety Group/ICAO-Asia Pacific Regional Aviation Safety Group का निर्णयहरू कार्यान्वयनको लागि आवश्यक कार्यहरू गरिएको,

**अन्तर्राष्ट्रिय सम्बन्ध तथा सहकार्यतर्फ :**

- दक्षिण एसियाली मुलुकहरूमा उडान सुरक्षा सुदृढीकरणको लागि स्थापित COSCAP-SA, Steering Committee को मिति २९-३१ मार्च २०२२ मा श्रीलकांको कोलम्बोमा सम्पन्न २९ औं बैठकबाट COSCAP-SA, Steering Committee को अध्यक्षता प्राधिकरणका महानिर्देशकबाट भएको,
- APRAST, COSCAP-SA, Steering Committee बाट आयोजना भएका बैठकहरूमा सहभागी भई उक्त बैठकबाट भए गरेका निर्णयसँग सम्बन्धित क्रियाकलापहरू सञ्चालन गरिएको।
- ४-८ जुलाई २०२२ मा दक्षिण कोरियामा भएको ५७ औ DGCA मा नेपालको तर्फबाट प्राधिकरणका महानिर्देशकको नेतृत्वको टोलीले भाग लिएको। सो अवसरमा ICAO तथा सम्बद्ध निकायबीच हवाई सुरक्षा लगायतका समसामयिक विषयमा छलफल भएको।

## २८. गौतमवुद्ध अन्तर्राष्ट्रिय विमानस्थल

काठमाडौं उपत्यका बाहिरको पहिलो अन्तराष्ट्रिय विमानस्थलको रूपमा गौतमबुद्ध अन्तराष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न भई मिति २०७९ जेठ २ गतेदेखि व्यावसायिक रूपमा सञ्चालनमा आएको छ। उक्त विमानस्थल आयोजनाको आर्थिक वर्ष २०७८/७९ को भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९३ प्रतिशत रहेको छ। आयोजना कार्यान्वयनमा सिलसिलामा भएका प्रमुख कार्यहरू निम्नानुसार छन् :

- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्यसम्पन्न भई सञ्चालनमा आएको,
- लम्वाई ३००० मिटर चौडाई ६० मिटरको धावनमार्ग निर्माण भएको।
- Communication Navigation सम्वन्धी उपकरण जडान भएको।

- चारवटा Link Taxiway निर्माण गरिएको।
- अन्तर्राष्ट्रिय जहाजका लागि पार्किङ क्षेत्र (एप्रोन) निर्माण गरिएको।
- अन्तर्राष्ट्रिय टर्मिनल भवन तथा आवश्यक उपकरणहरू जडान भएको।
- प्रशासकीय भवन तथा कन्ट्रोल टावर निर्माण भएको।
- पेरिमिटर रोड, आवश्यक ड्रेनेज, फेन्सिङ्ग, फायर बिल्डिङ्ग, पानी ट्याङ्की, कार पार्किङ्ग क्षेत्र निर्माण कार्य गरिएको।
- माथि उल्लेखित कार्यहरू सम्पन्न भई मिति २०७९ जेठ २ गतेबाट व्यवसायिक रूपमा सञ्चालनमा आएको छ।
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलमा उद्धार तथा अग्नि निवारण कार्यमा प्रयोग हुने Breathing Air Compressor जडान कार्यसम्पन्न भएको,
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलको लागि ४ थान ARFF Vehicles को खरिद तथा Commissioning कार्य सम्पन्न भई सञ्चालनमा आएको,
- गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थल मिति २०७९/२/२ गतेदेखि २४ सैं घण्टा सञ्चालनमा आएको।

## २९. पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल

मुलुकको प्रसिद्ध पर्यटकीय शहर पोखरामा पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजनाको निर्माण कार्य आर्थिक वर्ष २०७९/८० मा सम्पन्न गरी सञ्चालनमा ल्याउने गरी तयारी कार्य भइरहेको छ। आर्थिक वर्ष २०७८/७९ मा यस आयोजनाको भौतिक प्रगति ९८ प्रतिशत र वित्तीय प्रगति ७४.८१ प्रतिशत रहेको छ। यस आर्थिक वर्ष मा सम्पादित प्रमुख कार्यहरू निम्नानुसार छन् :-

- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण कार्य सम्पन्न हुने चरणमा रहेको,
- पोखरा अन्तर्राष्ट्रिय विमानस्थलको उड्डयन सुरक्षाको जोखिमको रूपमा रहेको रिठ्ठेपानी डाँडामा भएका रूख बिरूवाहरू कटान गर्न वन तथा भू-संरक्षण विभागसँग समझदारी-पत्रमा हस्ताक्षर भएको,
- communication, Navigation, surveillance उपकरण जडान भएको।
- Security Equipment installation कार्य भएको।

## ३०. निजगढ अन्तर्राष्ट्रिय विमानस्थल

नेपालमा पूर्ण क्षमताको अन्तर्राष्ट्रिय स्तरको अत्याधुनिक तथा विश्वमा रहेका सबै प्रकारका जहाजहरूले उडान सेवा सञ्चालन गर्न सक्ने गरी निजगढ अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण प्रस्ताव गरिएको छ। आर्थिक वर्ष २०७८/७९ मा यस आयोजनाको मास्टरप्लान तयारी कार्यको भौतिक प्रगति १०० प्रतिशत र वित्तीय प्रगति ९५ प्रतिशत रहेको छ।

आयोजना निर्माणका सम्बन्धमा सम्मानित सर्वोच्च अदालतमा रिट नं ०६७-WO-०००४ रिट दायर भएकोमा अदालतबाट मिति २०७९/२/१२ मा फैसला भई परमादेश जारी भएको छ। उक्त फैसलाको पूर्ण पाठको आधारमा मिति २०७९/४/२६ को नेपाल सरकार मन्त्रिपरिषद्को निर्णयानुसार ई.विरेन्द्र बहादुर देउजाको संयोजकत्वमा सुझाव सहितको अध्ययन प्रतिवेदन पेश गर्ने गरी विज्ञ समूह गठन भएको छ।

## ३१. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आन्तरिक टर्मिनल भवनको विस्तारित प्रस्थानकक्षको निर्माण सम्पन्न भई सञ्चालनमा आएको,

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको अन्तराष्ट्रिय टर्मिनल भवन अगाडि क्यानोपी तथा वाटर फाउन्टेनको निर्माण कार्यसम्पन्न भई सञ्चालनमा आएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल मिति २०७९/०२/०२ गतेदेखि २४ सैं घण्टा सञ्चालनमा आएको
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको आन्तरिकतर्फका हवाई यात्रुहरूको सेवा सुविधाका लागि आन्तरिक टर्मिनल भवनदेखि स्वर्णद्वार (Golden Gate) सम्म दुईतर्फी निःशुल्क Shuttle Bus सेवा सञ्चालनमा आएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा पानी सञ्चितिको लागि ४ वटा Reservoir water Tank को निर्माण कार्यसम्पन्न भएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा हेलिकोप्टर यात्रुका लागि शेड र शौचालय (Construction of Shed and Toilets for Heli Passengers ) निर्माण कार्यसम्पन्न भएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको P0 Station बाट Domestic Terminal Building सम्म र VVIP लगायत स्थानहरूमा Copper Armored Power Cable and Accessories जडान कार्यसम्पन्न भएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको Remote Parking Bay मा नयाँ तथा Zero Parking Bay र Old Parking Bay No. 1, 2, 3 मा थप High Mast LED Flood Light Including Steel Tubular Pole and Accessories जडान कार्यसम्पन्न भएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा 1000KW Modular Online UPS with Lithium-ion Battery, Switchgears and Accessories आपूर्ति भई जडानको क्रममा रहेको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको प्रस्थानतर्फको विशिष्ट कक्ष जान प्रयोग हुने Elevator जडान सम्पन्न भएको।

## ३२. नेपाल वायुसेवा निगम

- चार वटा (२ वाइडबडी र २ न्यारोबडी) जहाजबाट दश वटा अन्तर्राष्ट्रिय गन्तव्य (नारिता, दोहा, दुवई, क्वालालम्पुर, हङकङ, बैंकक, दिल्ली, मुम्वई, बैंग्लोर र रियाद) मा उडान सेवा सञ्चालन भैरहेको छ।
- Passenger Service System (PSS) सम्बन्धमा: टिकट बिक्री प्रणालीमा नयाँ PSS System लागू भएको छ।
- पहिलो पटक खतराजन्य पदार्थ ओसारपसार गर्ने वायुसेवाको रूपमा Dangerous Goods Certificate प्राप्त गरेको छ।
- निगमले मौलिक उत्पादनहरू यात्रुलाई बिक्रीको रूपमा उपलब्ध गराउन निगमको टिकट बिक्री कक्षमा सोभेनियर सेल्स काउन्टरको स्थापना गरेको छ।
- **ISAGO Audit सम्बन्धमा** : सन २०२२ को अप्रिल ११देखि १५सम्म निगमको IATA's Safety Audit on Ground Operations(ISAGO) Onsite Physical Audit सम्पन्न भैसकेको छ। यस्तै अप्रिल १३ देखि २५ सम्म अन्तर्राष्ट्रिय नागरिक उड्डयन संगठन ICAO को अडिट टिमले निगमको हवाई सुरक्षाको स्तर अडिट गरिसकेको छ। यसपटक नेपालको हवाई सुरक्षाको स्तर सुधार भएकोले नेपाल युरोपियन युनियनको कालोसूचीबाट हट्ने अपेक्षा गरिएको छ।
- निगमले आफ्नो गन्तव्य विस्तारको क्रममा यही अप्रिल २२, २०२२ देखि साउदी अरेबियाको रियादमा नियमित उडान प्रारम्भ गरेको छ।
- **Sinking Fund को स्थापना**: निगमले आफ्नो कुल आयको १० प्रतिशतले हुन आउने रकम नियमित जम्मा गर्ने गरी यस फण्डको स्थापना गरिएको छ।यस Fund बाट कर्मचारी सञ्चय कोष र नागरिक लगानी कोषको ऋण तिर्न सुनिश्चित गरिएको छ। मिति २०७९/३/३१ मा निगमले सञ्चयकोषलाई रू.९० करोड र नागरिक लगानी कोषलाई रू.४५ करोड भुक्तानी गरेको छ।

- **SPA (Special Prorate Agreement) सम्झौताः** निगमले विश्वका प्रसिद्ध वायुसेवा कम्पनीहरूसँग Special Prorate Agreement अर्थात Tie Up Fare को सहकार्यमार्फत अन्तरमहादेशीय टिकट बिक्री गरिरहेको छ। यस अन्तर्गत यूरोपका विभिन्न शहर, अष्ट्रेलिया, दक्षिण कोरिया, इजरायलका गन्तव्यमा उडान गर्ने २१ वटा वायुसेवा कम्पनीसँग SPA Passenger र २४ वटा वायुसेवा कम्पनीहरूसंग SPA Cargo सम्झौता गरेको छ। यसले निगमको अन्तर्राष्ट्रिय ख्याति, साख र आम्दानीमा समेत सकारात्मक प्रभाव पारेको छ र अन्य उडानका कनेक्टिङ्ग उडानमा जाने यात्रुहरूको आवश्यकतालाई ध्यानमा राखी निगमको उडानको Punctuality मा पनि सुधार आएको छ।
- निगमले A320 विमानको लागि तीन जना प्रशिक्षक पाइलट र A330 विमानको लागि दुई जना प्रशिक्षक पाइलट दक्ष जनशक्ति तयार गरेको छ।
- निगमको वित्तीय विवरण NFRS अनुरूप बनाउनको लागि परामर्श दाता नियुक्त गरी कार्य प्रारम्भ गरेको र २०७९ आषाढ मसान्तसम्म Phase 1 "Gap Analysis & Impact Assessment Report" तथा Phase 2 "NFRS Implementation plan" सम्बन्धी प्रतिवेदन प्राप्त भएको छ।
- सन् २०२१ मा निगमको आफ्नो उडान गन्तव्य क्षेत्रमा अन्तर्राष्ट्रिय तर्फको बजार हिस्सा १९.७४ प्रतिशत रहेको छ।
- मानव संशाधन विभागद्वारा निगममा कार्यरत स्थायी कर्मचारीहरूको विवरण Human Resource Management system (HRMS) Software मार्फत डिजिटलाईजेसन गरिएको छ।
- एकीकृत व्यावसायिक योजना, २०२१-२०३० तर्जुमा गरी कार्यान्वयनको चरणमा रहेको। निगमका शुभचिन्तक, आम यात्रु वर्ग, कलाकार, सामाजिक पूँजी आर्जन गरेका व्यक्तित्व (influencer), पत्रकार, लेखक, राजनीतिज्ञ लगायत अन्य 'हाइ प्रोफाइल' व्यक्तिले निगमप्रति दर्शाउने माया एवम् सद्भावलाई श्रव्यदृष्य माध्यममा कैद गरी प्रशारण गर्ने (Customer Testimonial Survey) अभ्यासको थालनी गरिएको।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल बाहेक मुलुकका थप अन्य विमानस्थलमा पनि निगमले भूमिस्थ सेवा प्रदान गर्ने सन्दर्भमा भैरहवा विमानस्थलमा भूमिस्थ सेवा प्रदान गरिरहेको र पोखरा विमानस्थलको लागि आन्तरिक तयारी गरिरहेको छ।
- आन्तरिक गन्तव्यतर्फ १७ गन्तव्यमा उडान सेवा सञ्चालन भैरहेको छ।
- आन्तरिक तथा अन्तर्राष्ट्रिय उडानका लागि अनलाइन टिकेटिङ प्रणाली कार्यान्वयन भैसकेको छ।
- विमानस्थल भित्र यात्रुहरूलाई नयाँ Shuttle Bus बाट सेवा दिन २ वटा VIP First Class Coach सञ्चालनमा आइसकेको छ।
- निगमले प्रदान गर्ने सेवालाई सहज सरल र पुहँच योग्य बनाउँदै मोबाइल एप सञ्चालनमा ल्याएको छ।
- निगमले सामाजिक सुरक्षा उत्तरदायित्वको दायित्व जिम्मेवारी बहन अन्तर्गत यस आ.व. २०७८/०७९ मा ७५१ जना क्यान्सर पीडितलाई निःशुल्क टिकटको व्यवस्था समेत गरेको छ।
- निगमले निजामती लगायत सम्पूर्ण सरकारी कर्मचारीहरूलाई अन्तर्राष्ट्रिय उडानको टिकटमा १५ प्रतिशत छुट सुहुलियत प्रदान गर्दै आइरहेको छ।
- ज्येष्ठ नागरिकको सम्मानस्वरूप ७० वर्ष नाघेका नेपाली नागरिकका लागि आन्तरिक उडानको भाडामा ५० प्रतिशत छुट दिने व्यवस्था गरेको छ।

**नेपाल वायुसेवा निगमको उडानको अवस्था र थप योजनाहरुः**

| निगमद्वारा हाल उडान सञ्चालन गरिरहेका गन्तव्यहरू | उडान सञ्चालनको योजनामा रहेका निगमका नयाँ गन्तव्यहरू | निगमले बजार अध्ययन गरिरहेका थप नयाँ गन्तव्यहरू |
|---|---|---|
| नारिता | ग्वाङझाऊ | दक्षिण कोरिया (इन्चोन) |
| दिल्ली | सिउल | साङ्घाई (चीन) |
| मुम्बइ | | कोलम्बो (श्रीलंका) |
| बेङलोर | | अहमदावाद |
| हङकङ | | अष्ट्रेलिया (सिडनी) |
| दोहा | | इन्डोनेशिया |
| दुवई | | फ्रेङ्कफर्ट |
| क्वालालम्पुर | | |
| बैंङ्कक | | |
| रियाद | | |

**अन्तर्राष्ट्रिय उडानतर्फ**

| भौतिक पक्ष | इकाइ | प्रगति |
|---|---|---|
| **क. उत्पादन** | | |
| उडान संख्या | संख्यामा | २,९८७ |
| सिट कि.मि (ASKm)s | लाखमा | १६,६६९ |
| टन कि.मि (ATKm) | लाखमा | १,९४६ |
| **ख. विक्री** | | |
| यात्रु संख्या | हजारमा | ४५८ |
| मालसामान ढुवानी | टनमा | ४,३८९ |
| यात्रु कि.मि (RPKm) | लाखमा | ११,९३५ |
| टन कि.मि (RTKm) | लाखमा | १२५४ |
| प्रतिशत नतिजा | | |
| सिट फ्याक्टर | प्रतिशत | ७१.६ % |
| नियमितता (Punctuality) | प्रतिशत | ९५% |
| विश्वसनियता (Reliability) | प्रतिशत | ७२% |

**आन्तरिक उडानतर्फ :**

| भौतिक पक्ष | इकाइ | प्रगति |
|---|---|---|
| **क. उत्पादन** | | |
| उडान संख्या | संख्यामा | ७६९ |
| सिट कि.मि (ASKm) | लाखमा | २३ |
| टन कि.मि (ATKm) | लाखमा | २ |
| **ख. विक्री** | | |
| यात्रु संख्या | हजारमा | ९ |

| भौतिक पक्ष | इकाइ | प्रगति |
|---|---|---|
| मालसामान ढुवानी | टनमा | २.९ |
| यात्रु कि.मि (RPKm) | लाखमा | १८.८ |
| टन कि.मि (RTKm) | लाखमा | १.४ |
| प्रतिशत नतिजा | | |
| सिट फ्याक्टर | प्रतिशत | ८१.१% |
| नियमितता (Punctuality) | प्रतिशत | ७९.१८% |
| विश्वसनियता (Reliability) | प्रतिशत | ६९.३७% |

**चार्टर फ्लाईटतर्फ:**

तलको तालिकामा गत आर्थिक वर्ष २०७८/७९ श्रावणदेखि असार महिनासम्मको चार्टर फ्लाईट विवरण निम्नानुसार रहेको छः-

**International Charter Flight Report of FY-2078-79**

| No. of Flight | Pax | Cargo (Kg) | EB (kg) |
|---|---|---|---|
| 22 | 942 | 170002 | 20 |

**Domestic Charter Flight Report of FY-2078-79**

| No. of Flight | Pax | Cargo (Kg) | EB (kg) |
|---|---|---|---|
| 58 | 1661 | 0 | 0 |